वर्ष : १६, अंक : २८, काठमाडौं, २०७७ कार्तिक १४ गते शुक्रबार, 30 October 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## जसपामा कसले कति तिर्नुपर्छ लेवी ?

काठमाडौं । जसपाले पार्टीमा आवद्ध सम्पूर्ण सक्रिय कार्यकर्ताका लागि लेवी शुल्क तय छ । नयाँ निर्णयसँगै पार्टीको सिफारिसमा कुनै लाभको पदमा गएका व्यक्तिले पनि पार्टीलाई लेवी बुझाउनु पर्ने हुन्छ । जसपा नेपालको हालै बसेको कार्यकारिणी समितिको बैठकको निर्णयअनुसार केन्द्रीय कार्यकारी समितिका सदस्यहरुले मासिक एक हजार रुपैयाँ तिर्नुपर्ने हुन्छ भने राजनीतिक समितिका सदस्यहरुले ७००, केन्द्रीय समितिका सदस्यले ५००, संघीय परिषद्का सदस्यले ३००, राष्ट्रिय समितिका सदस्यले २५० र संघीय सांसदहरुले १५ हजार रुपैयाँ लेवी शुल्क तोकिएको छ । यस्तै, प्रदेश तथा स्थानीय तहरुमा पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरुले तोकिएको बमोजिम लेवी बुझाउपर्ने छ भने पार्टीको तर्फबाट विभिन्न लाभको पदमा नियुक्त भएका व्यक्तिहरुले पनि तोकिएको लेवी बुझाउपर्ने पार्टीको निर्णयमा उल्लेख छ । पार्टी सदस्यता वितरण गर्दा आउने शुल्कको ४० प्रतिशत स्थानीय तह, ३० प्रतिशत प्रतिशत प्रदेश समिति र ३० प्रतिशत केन्द्रीय समितिमा बुझाउनु पर्ने पनि पार्टीले निर्णय गरेको छ । पार्टीको कार्यकारिणी समिति ५३ सदस्यीय रहेको छ, जसमा दुई सीट खाली राखिएको छ । केन्द्रीय कार्यसमिति ८०१ सदस्यीय रहेको छ भने संघीय परिषद् ११०१ र राजनीतिक समिति १५१ सदस्यीय रहने विधानमा उल्लेख छ । राजपाको प्रतिनिधिसभामा ३४ र राष्ट्रियसभामा ३ गरी जम्मा ३७ संघीय सांसद रहेका छन् । एक जनाले एक ठाउँमा मात्र लेवी तिर्नुपर्छ ।

## भारतीय सेनाध्यक्ष आउँदै

काठमाडौं । भारतीय सेनाध्यक्ष जनरल मनोज मुकुन्द नरवणे कात्तिक १९ गते नेपाल आउने भएका छन् । नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले मंगलबार विज्ञप्ति जारी गर्दै भारतीय सेनाध्यक्ष नरवणेको भ्रमणतालिकाबारे जानकारी गराएको हो । सेनाध्यक्ष नरवणे चार सदस्यीय भ्रमण दलका साथ नेपाल आउने पनि नेपाली सेनाले जनाएको छ । उनी तीन दिन नेपाल बस्नेछन् । नेपाली सेना र भारतीय सेनाबीचको परम्पराअनुसार भारतीय सेनाध्यक्ष जनरल नरवणेलाई राष्ट्रपति विद्यादेवी भण्डारीले एक समारोहबीच नेपाली सेनाको मानार्थ महारथी दर्जा प्रदान गर्ने कार्यक्रम रहेको छ । साथै भारतीय सेनाध्यक्षले रक्षामन्त्रीसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीसँग पनि भेटवार्ता गर्ने कार्यक्रम रहेको सेनाले जनाएको छ । साथै भ्रमणका क्रममा भारतीय सेनाध्यक्ष नरवणेले काठमाडौंस्थित सैनिक मञ्चको वीर स्मारकमा श्रद्धाञ्जली अर्पण तथा जंगी अड्डामा सम्मान गारद निरीक्षण र समकक्षी महारथी पूर्णचन्द्र थापासँथ छलफल गर्ने कार्यक्रम रहेको छ ।

# मुकेश चौरसियाको लासमाथि नेकपाको राजनीति

काठमाडौ । सत्ता र शक्तिको उन्माद कतिसम्म घृणित हुँदो रहेछ भन्ने प्रमाण हेर्न अन्त जानु पर्दैन । पर्साको एउटा घटना नै काफी छ । अनि कानुनको रक्षा गर्ने कसम खाएर बर्दी लगाएको नेपाल प्रहरी कतिसम्म निरीह हुँदोरहेछ भन्ने प्रमाण पनि त्यही घटनाले दिन्छ । सत्तारुढ नेकपाका कार्यकर्ताको हत्या हुन्छ तर त्यो हत्याका अभियोगी विरुद्ध उजुरी दिन जाँदा राजनीति हुन्छ । हत्याका आरोपी प्रधानमन्त्री एवम् नेकपाका अध्यक्ष केपी शर्मा ओलीका कार्यकर्ता हुन्छन् । अनि मारिने नेकपाका कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र वरिष्ठ नेता माधवकुमार नेपालका कार्यकर्ता । नेकपाले मृतक आफनै कार्यकर्तालाई न्याय दिलाउनुको सट्टा त्यसलाई आ-आफनो पक्षका रहेको भनेर विभाजन गरिरहेको छ । लाशमाथिको राजनीति यहाँबाटै सुरु हुन्छ ।

मुकेश चौरासिया नेकपा पर्साको विन्दवासनी गाउँपालिकाको कमिटी सचिव हुन । उनको हत्या भएको एक हप्ता भइसक्यो तर मृतकका परिवार अहिले पनि न्यायको आशमा छन् भने अपरधी फरार छन् । टाउकोमा बाँसको लाठी प्रहारले गम्भीर घाइते भएका ४२ वर्षीय चौरसियाको शुक्रबार वीरगन्जस्थित एल.एस.न्युरो हस्पिटलमा मृत्यु भएको थियो । हत्यामा संलग्न भएका भनिएका व्यक्तिविरुद्ध दिइएको किटानी जाहेरी प्रहरीले दर्ता गर्न नमानेपछि उनको शव नारायणी अस्पतालको शव गृहमा राखिएको छ ।

झडप भएकै दिन प्रहरीले नेकपा पर्साका नेता राजकुमार गुप्तासहित ४ जनालाई सोधपुछका लागि नियन्त्रणमा लिएको थियो । तर उनीहरुलाई त्यसको भोली पल्ट नै छोडेको थियो । गुप्ता प्रहरी नियन्त्रणमा रहेको जानकारी पाएपछि नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालका प्रबन्ध निर्देशक बशरुद्दीन अन्सारी पनि जिल्ला प्रहरी कार्यालय आइपुगेका थिए । अर्को पक्षका दुई जना घाइतेको नेसनल मेडिकल कलेजमा उपचार भइरहेको थियो ।

चौरसियाको अवस्था गम्भीर बनेको खबर आएपछि मेडिकलमा उपचाररत उत्तम तिवारी र चिन्टु तिवारी भागेका थिए । हालसम्म उनीहरु फरार नै छन् । दुई जना अस्पतालबाटै भागेपछि प्रहरीले बशरुद्दीनलाई पनि केही बेर सोधपुछ गरेको थियो । शुक्रबार चौरसियाको मृत्यु भएपछि उनका परिवारले १२ जनाविरुद्ध किटानी जाहेरी लिएर जिल्ला प्रहरी कार्यालय पुगेका थिए । तर प्रहरीले जाहेरी लिन मानेन ।




मुकेश चौरसियाको हत्यारालाई कारबाहीको माग गर्दै धर्नामा बसेका पीडित परिवारजन तथा नेकपाका नेता कार्यकर्ता ।



मृतक मुकेश चौरसिया

आरोपिविरुद्ध जाहेरी लिन नमान्नुमा नेकपा केन्द्रबाट दबाब परेको भनिएको छ र मृत्यु हुने चौरासिया पूर्व नेकपा माओवादी केन्द्रका नेता हुन र हत्याका आरोपीहरु पूर्व नेकपा एमालेका नेताहरु हुन् । प्रहरीले जाहेरी दर्ता नगरेपछि नेकपा पर्साका इन्चार्ज, सचिव, गाउँपालिका अध्यक्षलगायतका नेता तथा कार्यकर्ता विगत पाँच दिनदेखि जिल्ला प्रहरी कार्यालय अगाडि धर्ना दिइरहेका छन् । धर्नामा पूर्वमन्त्री तथा नेकपा नेता मात्रिका यादवले सहभागिता जनाएका छन् ।

नेकपा अध्यक्ष दाहालले चौरसियाको हत्यमा संलग्न जोसुकै भए पनि कानुनी कारबाहीको दायरामा ल्याउन सरकारसँग माग गरेका थिए । हत्या जस्तो जघन्य अपराध हुँदा समेत अनुसन्धानसँग सम्बन्धित स्थानीय निकायले मुद्दा दर्ता गर्न आनाकानी गर्नु आश्चर्यको विषय बनेको दाहालले बताएका छन् । अर्का अध्यक्ष केपी ओली प्रधानमन्त्री, पूर्व माओवादी केन्द्रका नेता रामबहादुर थापा गृहमन्त्री भएको अवस्थामा दाहाल पक्षधर नेताको हत्या हुनु र किटानी जाहेरी नलिनुले शक्ति संघर्ष चुलिएको अनुमान गर्न धेरै कठिन छैन ।

नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्मालेसमेत घटनाको वास्तविकता तत्काल सार्वजनिक गर्न, विन्दवासनी गाउँपालिकाका नेकपा सचिव मुकेश चौरसियाको हत्याको घटनाको गहिरो छानबिन गर्न र दोषीलाई तत्काल पक्राउ गरी कानुनी कारबाही गर्न माग गरेका छन् ।

प्रचण्ड र नेपाल पक्षका कार्यकर्ताले घटनाका मुख्य योजनाकार पूर्व सांसद राजकुमार गुप्तासहित १२ जना रहेको बताउँदै प्रहरीलाई दवाव दिन धर्ना दिँदै आए पनि प्रहरी भने मानेको छैन । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक गंगा पन्त भने गुप्ताको नाम हटाएमात्र मुद्दाको जोहेरी दर्ता गर्ने अडानमा रहेकी छिन् । प्रधानमन्त्री कार्यालय रिसाउला भन्ने डरले उनले जिल्ला सुरक्षा समितिमा बहुमत सदस्यहरुको राय विपरित उजुरी लिन मानिरहेकी छैनन् ।

यहाँ प्रश्न के उठेको छ भने अपराधी पनि कुनै पक्षको मान्छे हुन्छ ? चौरसियाको शव ७ दिनदेखि वीरगञ्जको नारायणी अस्पतालमा छ । पोष्टमार्टम हुन सकेको छैन । त्यही लासमाथि अहिले नेकपाका शीर्ष नेताहरु राजनीति गरिरहेका छन् । यस्तो लाग्छ कि स्थानीय प्रहरी प्रमुख पन्तले नेकपाका नेताहरुसँग सपथ लिएर प्रहरीको बर्दी भिरेका हुन् ।

घटनाले सिंगो प्रहरी प्रशासनले विधिको शासनलाई चुनौती दिएको देखिएको छ । उसले आफ्नो कर्तव्य निभाउन सकेन । नेकपाका केही नेताले समेत प्रहरीले जाहेरी नलिएको विषयमा सार्वजनिकरूपमै आश्चर्य र आक्रोश प्रकट गरेका छन् । जनता सडकमा उत्रँदासमेत प्रहरी निरीह बस्नु र सरकार मौन बस्नुले पनि सरकारको औचित्यमाथि प्रश्न खडा भएको छ ।

प्रदेश सरकारसमेत निरीह भएको छ । स्थानीय सरकारको औचित्यमाथि प्रश्न खडा भएको छ । संघीयताको विरोध गर्ने केपी शर्मा ओलीले अहिले पनि बालुवाटारमै बसेर मुलुक हाँकिरहेका छन् र प्रहरी प्रशासनलाई अंकुश लगाइरहेका छन् भन्ने आरोप नेकपाभित्रै लागेको छ ।

सत्तारुढ दलका नेताको हत्यामा प्रमुख विपक्षी दलले न्यायपूर्ण छानबिनको माग गर्नुपर्ने अवस्थालाई सामान्य कदापी ठान्नु हुँदैन । जब विधिको शासन पालना नभएर सत्तारुढ दलकै नेता तथा कार्यकर्ता पिल्सिन्छन् भने प्रतिपक्षी दल र दलका झण्डा नबोक्ने सर्वसाधारणले न्याय पाउँछ भनेर के अपेक्षा गर्ने ?

विन्दवासिनीको उक्त घटना जेसुकै होस् । भलै भवितव्य वा कसैको नियोजित षड्यन्त्र स्वरुप होस् तर त्यसको निश्पक्ष छानबिन हुनुपर्छ । जाहेरीसमेत लिन नमान्ने प्रहरीमाथि सर्वसाधारणले गर्ने विश्वास कहाँ पुग्यो । सत्तारुढ दलका कुनै नेता वा कार्यकर्ताको नाम जोडिनेबित्तिकै जाहेरीसम्म पनि नलिने प्रहरीले निष्पक्ष अनुसन्धान गरेर यथार्थ पत्ता लगाई दोषीलाई न्यायालयबाट सजाय दिलाउने विश्वास गर्ने आधार रहेन ।

कानुनले मान्छे हेरेर जाहेरी लिने र नलिने भन्दैन । जोसुकैको जाहेरी लिनुपर्छ । यदि प्रहरी उपरीक्षक पन्थले गल्ती गरेकै हुन् प्रहरी मुख्यालयले तत्काल कारवाही प्रक्रिया चाल्नुपर्छ । होइन भने प्रहरीले यसबारे सत्यतथ्य जनतासमक्ष बताइदिन पर्छ । अझै पनि एउटा जोहेरी समेत लिने हैसियत छैन

बाँकी अन्तिम पृष्ठमा

## प्रदेश २ सरकार सर्वोच्च अदालत जाने

जनकपुधाम । प्रहरी समायोजनको विषयलाई लिएर प्रदेश २ सरकारले संघीय सरकारविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दर्ता गर्ने भएको छ । प्रहरी समायोजनाको प्रक्रिया सुरु नगर्दै संघीय सरकारले संविधानको मर्ममविपरीत प्रहरी भर्नाको सूचना आह्वान गरेको भन्दै प्रदेश २ सरकारले त्यसविरुद्ध अदालत जाने तयारी गरेको हो । संविधानमा प्रदेशको शान्तिसुरक्षाको जिम्मेवारी प्रदेश सरकारलाई तोकिए पनि संघीय सरकारले प्रदेशसँग कुनै समन्वय नै गरी एकलौटी रूपमा प्रहरी भर्ना प्रक्रिया सुरु गरेको प्रदेश २ का आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादवले बताए ।

संघीय सरकार र गृह मन्त्रालयविरुद्ध मुद्दा दिने तयारी भइरहेको उल्लेख गर्दै काठमाडौंमा रहेका मन्त्री यादवले भने, 'प्रहरी समायोजनको विषयलाई लिएर संघीय सरकारविरुद्ध मुद्दा दर्ता गर्ने उद्देश्यले आएको छु, त्यसको आवश्यक तयारी भइसकेको छ, अब केहि दिनमै सर्वोच्चमा मुद्दा दायर गर्छौं ।' प्रदेश सरकारले प्रदेश प्रहरी भर्नासम्बन्धी आवश्यक कानुन दुई वर्षअघि नै बनाए पनि संघीय सरकारले प्रहरी समायोजन ऐन २८ माघ २०६६ मा राष्ट्रपतिबाट प्रमाणीकरण भएको थियो ।

### समय-सन्दर्भ

## चाडपर्वले मधेशको अर्थतन्त्र चलायमान

दशैं, तिहार र छठलगायत चाडपर्वमा नेपालको अर्थतन्त्र बढी चलायमान हुन्छ । दशैं सकिन लागेको र तिहार तथा छठ पर्वको आगमनसँगै जनकपुरसहित देशभरका बजारहरुमा चहलपहल बढेको छ । बजारमा किनमेल गर्नेहरुको भीड बढ्दै गएको छ । दशैं सकाएर काममा फर्किनेहरु तथा तिहार र छठपर्व मनाउनका लागि आ-आफ्नो गाउँघर आउनेहरुको क्रम जारी छ । सर्वसाधारणले पनि ठूला चाडपर्वका लागि रकमको जोहो गर्ने र यही समयमा बढी खर्च गर्ने गरेको पाइन्छ । कर्मचारीले दुई महिनाको तलब एकै महिना खर्च गर्छन् । यसले पनि दशैंमा अर्थतन्त्र कति चलायमान हुन्छ भन्ने देखाउँछ ।

वर्षभरि कर्मचारीले १३ महिनाको तलब पाउँछन् । थप एक महिनाको तलब दशैं खर्चका लागि दिइने पुरानो चलनका कारण र बजारमा पैसा चलायमान हुने भएकाले दशैंलाई अर्थतन्त्र चलायमान बनाउने एउटा प्रमुख पर्व भएको अर्थशास्त्री डा सुरेन्द्र लाभको भनाइ छ । दशैं तिहारलाई लक्षित गरी नयाँ सवारी साधन खरिदमा छुट, सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने घोषणा यही बेला हुनाले पनि अर्थतन्त्र चलायमान हुने गरेको हो ।

'पहिले पनि दशैं अर्थतन्त्रलाई चलायमान बनाउने एउटा प्रमुख पर्व थियो । पहिले दशैं विशेषमा मात्र किनमेलका लागि बजार लाग्थ्यो भने हाल पर्याप्त समय निकाल्न नसकेका नेपालीले यही अवसरमा लत्ताकपडासहित सामानको किनमेल गर्ने गर्दछन् । कतिपयमा यही समयमै खरिद गर्नुपर्छ भन्ने मानसिकता समेत विकसित भएको देखिन्छ', अर्थशास्त्री डा लाभले बताए । व्यवसायीहरुका अनुसार दशैंमा करिब रु १० अर्ब मूल्य बराबरको लत्तकपडा मात्र किनबेच हुन्छ भने त्यसबाहेक पनि खाद्यान्न, माछा, मासु एवम् पेय पदार्थको समेत कारोबार बढ्ने व्यवसायीहरुको भनाइ छ ।

जनकपुरमा मात्र हरेक वर्ष दशैंमा २५ हजार खसिबोका खपत हुने तथ्याङ्क छ । यसरी वर्षमा एकपटक नयाँ लुगा सिलाउने, मासुभात खाने, रमाइलो गर्ने चाड भएकाले पनि खर्च बढ्ने गरेको कतिपय अर्थविद्को भनाइ छ । उहाँहरुका अनुसार दशैंले अर्थतन्त्रलाई पुनर्जीवन दिन्छ । करिब पाँच लाख कर्मचारीका लागि रु चार अर्बभन्दा बढी रकम दशैं खर्चबापत मात्र दिइने गरेको अर्थ मन्त्रालयको तथ्याङ्क छ ।

यसबाहेक निजी क्षेत्रका सङ्घसंस्था, बैंक तथा वित्तीय संस्थाले पनि कर्मचारीलाई दशैं खर्चबापत बोनस तथा भत्ता दिन्छन् । यसले पनि आर्थिक परिचालनमा मद्दत गरेको छ । पछिल्ला वर्षहरुमा बजारमा चहलपहल बढ्ने अर्को कारण दशैंको समयमा विदेशबाट प्राप्त हुने रेमिट्यान्स भएको अर्थशास्त्रीहरु बताउँछन् । विदेश बस्ने नेपालीले यही समयमा बढी रेमिट्यान्स पठाउने गरेका छन् । अन्य महिनाको तुलनामा दशैंमा करिब २५ देखि ३० प्रतिशत बढी रकम रेमिट्यान्स आउने गरेको नेपाल राष्ट्र

बाँकी अन्तिम पृष्ठमा



## सम्पादकीय

# भारतीय सेनापतिको आसन्न भ्रमण

भारतीय सेनाध्यक्ष जनरल मनोजमुकुन्द नरवणेको नेपाल भ्रमणको मिति टुंगो लागेको छ। उनले कात्तिक १९ देखि २१ गते सम्म नेपालको भ्रमण गर्ने मिति टुंगो लागेको हो। गत वर्षको कात्तिकदेखि बिग्रेको नेपाल-भारत सम्वन्ध पुनस्स्थापित गर्ने लक्ष्यसहित उनले नेपाल भ्रमण सुरु गर्न लागेका हुन।

नेपाली सेनाका प्रधानसेनापति पूर्णचन्द्र थापा लगायत नेपालका शीर्ष राजनीतिक नेता र केही अन्य ब्यक्तिहरुसँग पनि उनले भेटवार्ता गर्ने कार्यक्रम छ। उनको यस अगाडी नै भ्रमण मिति तय भएपनि लकडाउनका कारण स्थगित हुन पुगेको थियो। यो भ्रमणलाई यस अर्थमा पनि महत्वपूर्ण मानिएको छ कि उनले नेपालको भूमि समेटेर भारतले नक्सा जारी गर्दा र सडक मार्ग बनाउदा नेपालले जनाएको आपत्ति र विरोधलाई अन्य कुनै देशको इशारामा विरोध जनाएको भन्दै आपत्तिजनक अभिव्यक्ति दिएका थिए।

तर उनै विवादास्पद सेनाध्यक्षलाई नेपालले स्वागत गर्न लागेको ले पनि यो भ्रमणलाई अर्थपूर्ण रुपमा हेरिएको छ। उनको भ्रमणका एजेण्डाहरु पनि तय भएको छ। उनले आफ्नो समकक्षी नेपाली सेनाका प्रधान सेनापति पूर्णचन्द्र थापालगायत नेपालका शीर्ष नेता र सेनाका सक्कल दर्जाका अधिकृतहरुसँग छलफल गर्नेछन्। जसमा दुई पक्षवीच १८ सय किलोमिटर लामो सीमाको ब्यवस्थापनका पक्षहरुमा महत्वपूर्ण छलफल

**नेपाल र भारतका सेना प्रमुख एक–अर्का देशको मानार्थ महारथी हुने हुँा सेनाले केही गर्दैन भन्ने चाहीं होइन तर भारतीय सेनाध्यक्षको भ्रमणका बेला केही भए यो भ्रमण दुई देशबीचको सम्बन्धमा एउटा 'टर्निङ प्वाइन्ट' बन्न सक्छ।**

गर्ने कार्यसूचि बनेको छ। भ्रमणको उद्देश्य रक्षा र सुरक्षाको क्षेत्रलगायत समग्र सम्बन्धलाई अझ सुदृढ पार्ने रहेको छ। १९५० देखि शुरू भएको एक पुरानो परम्पराको निरन्तरताका लागि पनि उनी काठमाडौं आउन लागेका हुन्। त्यसबेलादेखि दुई देशका सेनाध्यक्षलाई एक अर्को देशको मनार्थ महारथीको दर्जा दिने परम्परा छ। राष्ट्रपति विद्यादेवी भण्डारीले नरवणेलाई शीतल निवासमा आयोजित एक कार्यक्रमकाबीच नेपाली सेनाको मानार्थ महारथी पदको दर्ज्यानी चिन्ह लगाएर सम्मान गर्नेछिन्। भारतले कालापानी, लिपुलेक र लिम्पियाधुरासम्मको नेपाली भूमिमा आफनो नक्सामा समेटेर सडक मार्ग खोल्ने सम्मको काम गरेपछि नेपालले प्रतिवाद गर्दै आएको छ। नेपालले पनि अन्ततः आफनो राजनीतिक तथा प्रसाशनिक नक्सामा ती भूमिलाई समेटेर संविधानमा समेत लिपिवद्ध गरेपछि दुई देशबीच सम्बन्धमा निक्कै ठूलो खाडल परिरहेको छ। त्यसयता दुई देशकाबीचमा उच्चस्तरमा राजनीतिक तथा कुटनीतिक सम्वाद हुन सकेको थिएन। नरवणेको यो भ्रमण त्यसयताकै भारतीयको तर्फवाट उच्चस्तरको भ्रमण हुनेछ।

केही दिन अगाडी मात्रै प्रधानमन्त्री केपी ओली स्वंमले निम्तो दिएर भारतीय गुप्तचर सस्था रअका प्रमुख सामन्तकुमार गोयललाई वालुवाटारमा भेट गरेका थिए। यो भ्रमण पनि महत्वपूर्ण मानिएको छ, भारतले सेना प्रमुखलाई नेपाल पठाउँदै गरेको निर्णयलाई नयाँदिल्लीले म्यानमार, माल्दिभ्स, बंगलादेश, श्रीलंका, भुटान र अफगानिस्तानसँगको सम्बन्धलाई पुनर्जीवित गर्ने ठूलो अभ्यासको रुपमा लिइएको छ। यस क्षेत्रमा आफनो प्रभाव विस्तारका लागि भारतले सेनाध्यक्षलाई प्रयोग गर्न थालेको अर्थमा पनि लिन थालिएको छ। किनकी यसै महिनाको शुरुमा भारतीय सेनाध्यक्ष नरवणेले विदेश सचिव हर्षवर्धन सँगै म्यानमारको यात्रा गरेका थिए र यस अवधिमा भारतले म्यानमारसँग पनडुब्बी आपूर्ति गर्ने निर्णय गर्नुका साथै सैन्य र रक्षा सम्बन्ध अझ गाढा गर्ने सहमति गरेको थियो। अहिले भारतसँग राजनीतिक सम्वाद भएको छैन, कूटनीतिक सम्वाद पनि जुन स्तरमा हुनुपर्ने हो, त्यो हुन सकेको छैन। यस्तो बेला सेनाध्यक्ष आउनु भनेको नेपालका लागि चासोका विषय राख्ने अवसर पनि हो।

भारतको कूटनीतिमा सेनाको महत्वपूर्ण भूमिका रहँदै आएको छ। नेपालसँग सुरक्षा चासो जोडिने हुँदा सेनाको अझ बढी भूमिका हुनेगर्छ। विगतमा पनि सम्बन्ध खटपट हुँदा सेनाले सम्बन्धलाई सहज बनाउने काम गरेको छ। नेपाल र भारतका सेना प्रमुख एक-अर्का देशको मानार्थ महारथी हुने हुँदा सेनाले केही गर्दैन भन्ने चाहीँ होइन तर भारतीय सेनाध्यक्षको भ्रमणका बेला केही भए यो भ्रमण दुई देशबीचको सम्बन्धमा एउटा 'टर्निङ प्वाइन्ट' बन्न सक्छ।

# सप्तरीका शक्ति पीठहरू



**देवेश झा**

सप्तरी जिल्ला स्थित शक्ति पीठहरु नेपाली समाजको पुरातात्विक, सास्कृतिक, ऐतिहासिक र धार्मिक धरोहर हो। विगतमा राज्यको प्रत्यक्ष संरक्षणमा रहदै आएको यी पारम्परिक विरासतले राष्ट्रको पहिचान बनाउने गरेको इतिहास छ।

### छिन्नमस्ता भगवती मन्दिर

छिन्नमस्ता भगवती सप्तरी जिल्लाको राजविराजबाट दक्षिण सीमावर्ती क्षेत्र छिन्नमस्ता गाउँपालिका मा पर्छ। यो मन्दिर सप्तरी सदरमुकाम राजविराज बाट ११ किमी को दुरीमा भारतीय सीमा नजिक रहेको छ। यस मन्दिरमा हिन्दुहरूको महान् चाड दशैंमा ठुलो घुइँचो लाग्ने गरेको छ र यहाँ बोकाको बलि दिने गरिन्छ। प्रायजसो हिन्दूहरू साना ठूला सवारी किन्दा चोख्याउन यहाँ आउने गरेका छन्।



छिन्नमस्ता भगवती मन्दिर

प्राचीन इतिहास र किम्वदन्तीका अनुसार, सन् १०९७ मा मुसलमानले आक्रमण गर्दा कर्नाटकका कर्नाटवंशी राजा नान्यदेव पाटलीपुत्र हुँदै तत्कालीन तिरहुतको सिम्रौनगढ (बारा)मा राजधानी कायम गरे। नान्यदेव वंशको पाँचौं पुस्तामा शक्रसिंह देव राजा भए। उनी आफ्नो नाबालक छोरा हरिसिंह देवलाई राजगद्दीमा राखी निर्वासित जीवन बिताउन सप्तरी आए। त्यसबेला जङ्गलले ढाकिएको यस स्थानमा जङ्गल सफा गर्दा भेटिएको भगवती मूर्तिलाई उनले आफ्नो कुलदेवीको रूपमा स्थापना गरी आफ्नो नामबाट देवीको नाम शक्रेश्वरी राखे भन्ने भनाइ छ। सन् १३२८ मा गयासुद्धिन तुगलकले तिरहुतमाथि आक्रमण गरेका थिए। जसको फलस्वरूप सिम्रौनगढ ध्वस्त भयो। सिम्रौनगढका मूर्तिहरू अहिले पनि फुटेकै अवस्थामा छन्। यस प्रकार सखडा भगवतीको मूर्ति पनि त्यहीबेलाको आक्रमणमा फुटेको केही इतिहासविद् हरुको अनुमान छ। देवीको शिर नभएकोले केही समयपछि सो मूर्तिलाई छिन्नमस्ता भगवती भन्न थालिएको हो। शक्रेश्वरी को अपभ्रंश भएर नै उक्त गाउँ सखडा हुन गएको हो। तीन दशक पूर्वसम्म सखडा भगवतीलाई सखडेश्वरी भगवती भनेर नै पूजा गरिन्थ्यो।

करिब सवासय वर्षअघि सखडाको भगवती मन्दिर एउटा गुफाको रूपमा थियो। त्यहाँ स्थानीय बासिन्दा ले सङ्कलित गरेको रकमबाट सानो मन्दिर निर्माण गरेका थिए तर सो मन्दिर वि.सं. १९९० सालको महाभूकम्पमा भत्किएकोले समाजको सहयोगमा टिनको छाना भएको मन्दिर बनाइयो। सो पनि जीर्ण हुँदै गएकाले वि.सं. २०२८ सालमा तत्कालीन भारतीय रेल मन्त्री स्व ललित नारायण मिश्रले पक्की मन्दिरको साथै तीन कोठे धर्मशाला पनि बनाउन लगाएका थिए। वि.सं. २०४४ सालमा तत्कालीन राजा बीरेन्द्रले मन्दिर निर्माणको लागि रु. पाँच लाख चढाएर भगवतीको प्यागोडा शैलीको भव्य मन्दिरको निर्माण गराए जुन अद्यावधि छ।

मन्दिरभित्र मूल देवीको रूपमा भगवतीको कालो रङको बुट्टेदार मूर्ति छ। उक्त मूर्तिको पाउतिर राँगाको काटिएको टाउको प्रस्ट रूपमा ढुङ्गामा कुँदिएको छ। मूल मूर्तिको देब्रेपट्टि दक्षिणकाली, महिषमर्दिनी र दाहिनेतिर चामुण्डा भैरवी र त्यस्तै कालो रङको अर्को प्रस्तर मूर्ति स्थापित छ। ती मूर्तिहरूलाई पञ्चभगिनी पनि भनिन्छ। छिन्नमस्ता भगवती मुसलमानहरूको पनि आस्थाको केन्द्र बनेको छ। मुसलमान समुदायका हजारौं व्यक्ति विभिन्न मनोकामना लिएर छिन्नमस्ता भगवती मन्दिर बाहिर बसी फूल हैस गर्न आउने गरेका हुन्छ।

देवीलाई नवरात्रमा ५६ प्रकारका परिकार बनाई मध्यरातमा पूजा गर्ने गरिएको छ। पूजा गर्दा केही विघ्नबाधा उत्पन्न हुन थालेपछि भगवतीको सिंहासनमा एउटा जन्तर राखी महाअष्टमीको राति तान्त्रिक



कंकालिनी मन्दिर

विधिद्वारा पूजा गर्ने गरिएको छ। यहाँ बलि प्रदान गर्दा निस्केको रगतमा झिङ्गा नबस्नु, रगत लुगामा लागे पनि दाग नलाग्नु, रगत पोखरीको पानीमा मिसिदा रातो नहुनु, बलि प्रदान गर्ने नाममा राखेका खसी बाख्रालाई केही नहुनु, बलिका लागि किनेका पशुलाई कुकुर र स्याल टोकेको छ भने मन्दिर नपुग्दै मर्नु आदि आश्चर्यजनक काम हुँदै आएको भनाई रहेको छ।

### कंकालिनी मन्दिर

कंकालिनी मन्दिर कंकालिनी मन्दिर सप्तरी जिल्लाको राजविराज देखि १८ किलोमिटर पूर्व हनुमाननगर कंकालिनी नगरपालिका अन्तर्गत भारदहमा पर्छ। कंकालिनी मन्दिर मनोकामना पूरा गर्ने शक्तिपीठहरू मध्ये एक मानिएको हुदा नेपाल र भारतका श्रद्धालुको ठूलो आस्था रहेको छ। यस मन्दिरमा हिन्दुहरूको महान् चाड दशैंमा ठुलो मेला लाग्ने गरेको छ। किम्बदन्ती अनुसार भारदहमा मानव बस्ती बसाल्ने क्रममा जग्गा खनन गर्दा दुर्गाको ढुङ्गे प्रतिमा फेला परेको थियो। त्यसै प्रतिमालाई मन्दिरमा स्थापना गरेर स्थानीयले पुजा सुरू गरेका थिए।

कंकालिनी मन्दिरमा मनोकामना पूरा गर्ने शक्तिपीठहरूमध्ये एक पीठ मानिएको हुँदा यहाँ नेपाल तथा भारतका श्रद्धालु भक्तजनहरूले विशेषतः दशैंमा भाकल गरि बोका र राँगा आदि बलि दिन आवश्यक पूजा सामग्रीसहित घुइँचो लाग्ने गरेको छ। यहाँ बडादसैंमा हजारौं बोका र सयकडौं राँगाको बलि चढाइन्छ। मनोकामना पूरा भएकाहरूले पञ्चबलिसमेत गर्छन्। यहा वर्षेनी ३० हजार भन्दा बढि बलि प्रदान हुने गरेको विश्वास गरिन्छ।

बड़ा दशैंमा यस देवीलाई दैनिक सरदर ५००० भन्दा बढीले दर्शन गर्ने गर्दछन्। दशैं भरि दैनिक एक हजार भन्दा बढी खसी(बोका बलि दिने यो मन्दिरमा राँगा बलि नवमी तिथि का दिन मात्र दिने चलन छ। सप्तरीको भारदहमा पूर्ब(पश्चिम राजमार्ग छेउ अवस्थित कोशी तटबन्ध संगैको ठूलो भूभाग मा सुन्दर बगैंचा सहित रहेको कंकालनी भगवती मन्दिर क्षेत्र भित्र भगवान गणेश को एउटा सानो मन्दिर पनि छ। यो मन्दिरलाई नेपाली प्यागोडा शैलीमा निर्माण गरिएको छ। यहाँ रहेको मुख्य मन्दिर प्यागोडा शैलीमा रहेको पाइन्छ जुन अति सुन्दर रहेको छ। यस मन्दिरको पाँच स्तरको छाना रहेको छ।

### राजदेवी मन्दिर

राजदेवी मन्दिर सप्तरी जिल्लाको सदरमुकाम राजविराजको राजदेवी टोलमा पर्छ। प्राचीन इतिहास बोकेको यस



राजदेवी मन्दिर

मन्दिरको नामबाटै राजविराज नगरको नाम राखिएको हो। राजदेवी मन्दिर भित्र रहेको भगवतीलाई सेन वंशको इष्टदेवी मानिन्छ। राजदेवी मन्दिर यहाँ रहनुको प्रमुख कारण यहाँ सेन राजाहरूको कचहरी, किल्ला र दरवार रहनु हो। यस मन्दिरमा रहेको भगवतीलाई मनोकामना पूरा गर्ने देवी मानिएको हुँदा नेपाल र भारतका आमजनमानसको ठुलो आस्था रहेको छ। यस मन्दिरमा हिन्दुहरूको महान चाड दशैंमा ठुलो घुइँचो लाग्ने गरेको छ र यहाँ बोकाको बलि दिने गरिन्छ। प्राचीन इतिहास र किम्वदन्तीका अनुसार राजदेवी मन्दिरको उत्पति पनि सेन वंशको समयमा भएको देखिन्छ।

सप्तरी जिल्ला स्थित शक्ति पीठहरु नेपाली समाजको पुरातात्विक, सास्कृतिक, ऐतिहासिक र धार्मिक धरोहर हो। विगतमा राज्यको प्रत्यक्ष संरक्षणमा रहदै आएको यी पारम्परिक विरासतले राष्ट्रको पहिचान बनाउने गरेको इतिहास छ।

# राजा सलहेशको दरबार निर्माण गरिँदै

सिरहा। ऐतिहासिक महत्वको राजा सलहेश गहबर क्षेत्रमा राजा सलहेशको दरबार बनाउने कार्य सुरु भएको छ। सिराहाको सदरमुकाम सिराहामा रहेको सलहेश गहबर क्षेत्रमा रहेका जीर्ण पुराना मन्दिरलाई भत्काएर नयाँ दरबार (मन्दिर) बनाउने कार्य सुरु गरिएको हो।

दुईतले दरबार निर्माण गर्न सिराहा नगरपालिकाले एक करोड ९४ लाख २५ हजार नौ सय २३ रुपैयाँ लागत अनुमान तयार गरेको तियो। तर, बालाजी निर्माण सेवा सिराहाले एक करोड २४ लाख २७ हजार नौ ४५ रुपैयाँमा ठेक्का पाएको सिराहा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत बलिराम यादवले बताए।

२०७८ असार २५ मा योजना सक्ने गरी सम्झौता गरिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत यादवले जानकारी दिए। तर, दरबार निर्माण गर्न असार १५ मै स्वीकृति दिए पनि कोरोना महामारीका कारणले लकडाउन र निषेधाज्ञा भएपछि असोजदेखि काम सुरु भएको छ।

जयबर्धन सलहेश (राजा सलहेश), मालिनी, बुधेश्वर, चुहडमल, करिकन्हालगायतको चर्चा लोकगाथामा छ। सिराहा सदरमुकामको महिसौथामा मुख्य डिह (दरबार) रहेको सलहेशले छैटौँरसातौं शताब्दीमा अन्याय-अत्याचारविरुद्धको मोर्चाको नेतृत्व गरेको सलहेश गाथामा उल्लेख छ।

अन्याय-अत्याचारविरुद्ध संघर्ष गरेका उनको न्यायका प्रतीकको रूपमा सिराहा, धनुषा, महोत्तरी, सप्तरी र भारतका विभिन्न ठाउँमा राजा सलहेश गाथा चल्ने गर्छ।

राजा सलहेशसँगै प्रेम-सम्बन्ध जोडिएको 'सलहेश फूलबारी'मा प्रत्येक वर्ष वैशाख १ मा हारमको रूखमा मालाकार रूपमा सुनाखरीको फूल फुल्ने गरेको छ। सिराहा जिल्लाको सदरमुकाम सिराहामा सलहेश दरबार, लहान नगरपालिका क्षेत्रमा सलहेश फूलबारी, पकडीयागढ, मानिक दह र लक्ष्मीपुर पतारी गाउँपालिकामा पतारी पोखरीलाई सलहेश गाथासँग जोडिएको स्थानको रूपमा लिइन्छ। प्रत्येक वर्ष वैशाख १ र २ मा सिराहाको सलहेश गहबर, सलहेश फूलबारी, मानिक दह, पकडीयागढ, पतारी पोखरीमा नेपाल भारतका विभिन्न स्थानबाट लाखौं श्रद्धालु दर्शन गर्न पुग्ने गर्छन्।

# पर्सा घटनामा प्रभु साहको मौनता आश्चर्यजनक छ

**यस घटनाबारे प्रदेश २ का अध्यक्ष प्रभु साहको तर्फबाट तुरुन्त एउटा वक्तव्य आउनुपर्दथ्यो तर उहाँले त्यसो गर्नुभएको छैन । अहिलेसम्म पनि उहाँको मौनता छ । हामीलाई पनि आश्चर्य लागेको छ कि उहाँले यस विषयमा किन जोडदाररुपले आवाज उठाउनु भएन । हामीले पनि उहाँसँग कुराकानी गर्दा आफ्नो व्यस्तता देखाउनु भयो ।**



**महेन्द्र पासवान**
**केन्द्रीय सदस्य, नेपाल कम्युनिष्ट पाटी**

**० पर्साको विन्दवासिनी गाउँपालिकामा नेकपाका जिल्ला सदस्य तथा गाउँपालिका सचिव मुकेश चौरसियाको हत्या किन भयो, त्यस्तो अपराधिक घटना कसरी भयो ?**

– त्यस्तो अपराधिक घटना नहुनुपर्ने थियो । किनकि सो घटनामा हत्या भएका पर्सा जिल्ला सदस्य तथा विन्दवासिनी गाउँपालिकाका सचिव मुकेश चौरसिया सर्वसम्मत नै हुनुहुन्थ्यो । उहाँ निर्विवादित मान्छे नै हुनुहुन्थ्यो । शपथ ग्रहण कार्यक्रम भइरहँदा केही अपराधिक मानसिकता बोकेका मान्छेहरुले कार्यक्रमलाई विथोल्न खोजे । त्यसपछि मुकेश चौरसियाले रोक्न खोज्दा उनीहरुले चारैतिरबाट सांघातिक आक्रमण गरेका थिए । त्यसपछि मुकेश घाइते हुनुभयो । उहाँलाई उपचारका लागि अस्पताल लगियो र त्यसपछि मृत्यु भयो । आक्रमण गर्नेहरु नेकपाका कार्यकर्ता समेत छैनन् । उनीहरु आपराधिक पृष्ठभूमिका व्यक्तिहरु हुन ।

**० मुकेश हत्यामा संलग्नहरू नेकपाका कार्यकर्ता होइनन् ?**

– उनीहरु नेकपाका कार्यकर्ता होइनन् । उनीहरु आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिहरु हुन ।

**० मुकेश हत्या प्रकरणमा प्रहरीले किन जाहेरी दर्ता गरेन ?**

– कुनै पनि घटनाका पीडितले प्रहरीमा जाहेरी दिँदा दर्ता गर्नुपर्दथ्यो । तर, दर्ता गरिएन । यसको जवाफ जिल्ला प्रहरी प्रमुखले दिनुपर्छ । किनभने कुनै पनि जघन्य अपराध वा हत्या हिंसाको घटना भएको छ भने पीडित पक्षले जाहेरी दिँदा प्रहरीले दर्ता गर्नुपर्दथ्यो । जाहेरी किन नलिने भन्ने कारण पनि प्रहरीले भन्दैन । पीडितले दिएको जाहेरी प्रहरीले तुरुन्त लिनुपर्दथ्यो । आज बिहीबार मात्रै सरकारी वकिलको कार्यालयमा मुद्दा दर्ता भएको छ । शवको पनि पोष्टमार्टम भएर दाहसंस्कार गरिनेछ ।

**० पीडित परिवारले न्याय पाउँछन् त ?**

– प्रदेश २ भित्र पर्ने अधिकांश स्थायी कमिटी सदस्य, केन्द्रीय सदस्य र प्रदेश पदाधिकारीहरु मिलेर दबाब सिर्जना गरेपछि सरकारी वकिलको कार्यालयमा मुद्दा दर्ता भएको छ । जिल्ला प्रहरी प्रमुखले जुन किसिमको व्यवहार गर्‍यो र जुन पक्षपात एक हप्तासम्म गर्‍यो यसले थप शंका उब्जाएको छ । यति दिनसम्म किन जाहेरी लिएको थिएन, शवलाई किन यत्रो दिनसम्म राख्यो यसको जवाफ यहाँका न्यायप्रेमी जनतालाई पर्सा प्रहरी प्रमुखले दिनुपर्छ । मुकेश चौरसियाका परिवारले न्याय पाउनुपर्छ । हामीले पार्टीको तर्फबाट र जनसमुदायको तर्फबाट पनि दबाब सिर्जना गर्दैछौं । चौरसियाका परिवारलाई नेपाल सरकारले उचित क्षतिपूर्तिसमेत दिनुपर्छ । यो एउटा जघन्य अपराध हो, यसमा जोसुकै संलग्न भएपनि कडाभन्दा कडा कारबाही हुनुपर्छ । अपराधीलाई कानूनको दायरामा ल्याएर अविलम्ब कारबाहीको प्रक्रिया अगाडि बढाउनुपर्छ । अनि मात्रै चौरसियाका परिवारले न्याय पाउँछन् र जनताले न्यायको अनुभूति गर्न सक्छन् ।

**० पीडित पक्षले प्रहरीमा जाहेरी दर्ता गराउन जाँदा कसको नाम हटाउन भनेको थियो ?**

– मुकेश चौरसियाको हत्यामा संलग्न व्यक्तिहरु पूर्वसभासद राजकुमार गुप्ताको घरबाट पक्राउ परेका थिए । त्यसपछि गुप्तालाई पनि प्रहरीले नियन्त्रणमा लियो । घटनामा संलग्नहरुलाई कारबाही हुन्छ भनेर सबैलाई विश्वास दिलाइएको थियो । तर पछि गएर गुप्तालाई छाडियो । त्यसकारणले यो घटनामा गुप्ता पनि संलग्न छन् कि भनेर उजुरी पीडित परिवार पक्षले दिन पुगेका थिए । गुप्ताको नाम नहटाए उजुरी नलिने अडान प्रहरीको थियो । पीडित पक्षले दिएको उजुरी अन्ततः दर्ता भएको छ ।

**० नेकपाका स्थायी समिति सदस्य, केन्द्रीय सदस्य, प्रदेश कमिटीका नेताहरू लगायत ३७ जनाले संयुक्त रूपमा यो घटनाको छानबिन हुनुपर्छ, उजुरी दर्ता हुनुपर्छ भनेर माग गरेका छन् तर नेकपाका प्रदेश २ अध्यक्ष प्रभु साहको संलग्नता देखिएन । किन ?**

– यो जुन दुःखद् घटना भएको छ, यसप्रति हामीलाई पनि दुःख लागेको छ । यस घटनाबारे प्रदेश २ का अध्यक्ष प्रभु साहको तर्फबाट तुरुन्त एउटा वक्तव्य आउनुपर्दथ्यो तर उहाँले त्यसो गर्नुभएको छैन । अहिलेसम्म पनि उहाँको मौनता छ । हामीलाई पनि आश्चर्य लागेको छ कि उहाँले यस विषयमा किन जोडदाररुपले आवाज उठाउनु भएन । हामीले पनि उहाँसँग कुराकानी गर्दा आफ्नो व्यस्तता देखाउनु भयो । उहाँ प्रदेश २ अध्यक्षको नाताले पीडित परिवार समक्ष पुगेर सान्तवना दिनुपर्ने, शव यत्रो दिनसम्म रहँदा चासो देखाउनुपर्ने थियो । त्यो दायित्व पनि उहाँले निर्वाह गर्नुभएन । उहाँको गैरजिम्मेवारीपन देखिएको छ । उहाँको मौनताले पीडित परिवार र आम न्यायप्रेमी जनतामा पनि प्रश्न उब्जाएको छ । हामीले अहिले पनि भनिरहेका छौं कि यसको ओनरसिप लिनुपर्छ । तर उहाँ हाम्रो बैठकमा समेत आउन चाहनु भएको छैन ।

**० आफ्नो पार्टीका नेता कार्यकर्ता मारिँदा केन्द्रीयस्तरबाट पनि चासो देखिएन नि ?**

– हाम्रो पार्टीका कार्यकारी अध्यक्ष कमरेड प्रचण्डले तत्कालै एउटा अभिव्यक्ति जारी गर्नुभएको थियो । उहाँले घटनाको छानबिनको मागसमेत गर्नुभयो । तर प्रदेश २ अध्यक्षको तर्फबाट जुन किसिमको अग्रसरता देखिनुपर्ने थियो त्यो देखिएन । यसप्रति आशंका उत्पन्न भएको छ । प्रदेश २ का सचिव सुमन प्याकुरेलले पनि हामीले बैठकमा बोलाउँदा आउनुभएको थियो । तर प्रदेश अध्यक्षको भूमिका अलिकति पनि संवेदनशील देखिएन । यसले गर्दा कतै न कतै उहाँको पनि संलग्नता छ कि भन्ने आम जनमानसमा प्रश्न उठेको छ ।

**० मुकेश चौरसियाको परिवारलाई कस्तो किसिमको क्षतिपूर्ति दिनुपर्ने हो ?**

– हामीले पीडित परिवारजनले न्याय पाउनुपर्छ भनिरहेका छौं । जघन्य अपराध गर्ने अपराधीलाई कारबाही हुनुपर्छ, कानूनी दायरामा ल्याउनुपर्छ र यथाशीघ्र कारबाहीको प्रक्रिया अगाडि बढाउनुपर्छ भन्ने कुरा पीडित पक्षको छ ।

**० घटनामा संलग्नहरू नेकपाको कार्यकर्ता छैनन् भने तिनीहरू कसरी परिचालित भए होलान् ?**

– घटनामा संलग्नहरु नेकपाका कार्यकर्ता नै होइनन् । तिनीहरुले योजनाबद्ध ढंगले कसैको निर्देशनमा घटना घटाएका होलान् ।

**० कसको निर्देशनमा यस्ता घटना भयो ?**

– राजकुमार गुप्ताकै घरबाट घटनामा संलग्नहरु समातिएका थिए, यसैबाट बुझ्न सकिन्छ कि कहाँबाट परिचालित थिए भनेर ।

**० राजकुमार गुप्ता त पार्टीकै नेता हुन् नि ?**

– उहाँ अहिले पार्टीमा आबद्ध हुनुहुन्छ ।

**० राजकुमार गुप्तालाई पार्टीले कारबाही गर्छ त ?**

– यदि घटनामा दोषी देखिए भने राजकुमार गुप्तालाई पनि कारबाही हुनुपर्छ । हाम्रो कार्यकारी अध्यक्ष प्रचण्डले पनि छानबिनको माग गर्नुभएको छ । यो घटनामा जोसुकै मान्छे संलग्न भएपनि उसले कारबाही भोग्नुपर्छ ।

**० यो घटनाको छानबिन कसले गर्ने ?**

– हामीले त पार्टीबाट र सरकारको संयन्त्रले पनि छानबिन गर्नुपर्छ भनिरहेका छौं ।

# संसदीय दलको नेता राजेन्द्र महतोलाई बनाउने सहमति छ



**सन्तोष मेहता**
**केन्द्रीय सदस्य, जनता समाजवादी पार्टी नेपाल**

**० हालै निर्माण भएको जसपाको केन्द्रीय समितिलाई कसरी हेर्नुभएको छ ?**

– जसपाको केन्द्रीय समिति निकै ठूलो भयो । तर, केही दिन पहिला मात्रै दुई पार्टीबीच एकीकरण भएको हुनाले र संक्रमणकालीन अवस्थामा पार्टीका लागि यो वाध्यता छ । महाधिवेशनबाट यसको टुंगो लाग्छ । महाधिवेशनपश्चात् जसपाको ठूलो केन्द्रीय समिति रहँदैन ।

**० यत्रो ठूलो केन्द्रीय समितिको बैठक व्यवस्थापनमा कतिको समस्या आउँछ त ?**

– केन्द्रीय समिति भएपछि विधानबमोजिम बखत-बखतमा बैठक गर्नैपर्छ । यसभन्दा पहिला पनि राजपाको झण्डै साढे आठ सय सदस्यीय केन्द्रीय समिति थियो, त्यसको तीन/चार पटक बैठक भएकै हो । धेरै दिनसम्म यही केन्द्रीय समिति रहँदैन, अहिले संक्रमणकालीन अवस्था हो, त्यसैले बाध्यावस ठूलो बनेको हो । महाधिवेशनपछि यसको टुंगो लाग्छ । यही बीचमा अब राजनीतिक समिति पनि निर्माण हुन्छ । राजनीतिक समितिको बैठकबाट नै सबै कुरा टुंगो लाग्छ । केन्द्रीय समितिको बैठक वर्षमा कम्ती दुई पटक बस्छ । त्यसका लागि व्यवस्थापन पनि मिलाइन्छ ।

**० अहिले पनि कोरोनाको कहर कम भएको छैन, दिनप्रति दिन बढ्दै गएको छ । यस्तो अवस्थामा सामाजिक दूरी कायम गरेर केन्द्रीय समितिको बैठक बस्न सम्भव देख्नुहुन्छ ?**

– बैठक बस्नका लागि धेरै उपायहरु छन् । लामो केन्द्रीय समिति छ भनेर दुई तीन चरणमा पनि बैठक गर्न सकिन्छ अथवा डिजिटल बैठकहरु पनि गर्न सकिन्छ । अहिले प्रविधिको युग छ, विभिन्न माध्यमहरु आइरहेका छन् । अथवा एकै ठाउँमा पनि दूरी कायम गरेर पनि बैठक बस्न सकिन्छ ।

**० केन्द्रीय कार्यकारिणी समितिमा महाधिवेशनको विषयमा कुनै छलफल भएन नि ?**

– महाधिवेशनको बारेमा केन्द्रीय कार्यकारिणी समितिको बैठकमा छलफल हुनुपर्ने आवश्यकता नै थिएन । किनभने अहिले नै महाधिवेशन गरिहाल्नुपर्छ भन्ने बेला पनि होइन । अहिलेसम्म जसपा वडादेखि केन्द्रसम्म समायोजन नै पूरा भएको छैन । तलदेखि माथिसम्म समायोजन नभइकन महाअधिवेशनमा जान सकिदैन । त्यसकारणले पहिले समायोजन प्रक्रिया सम्पन्न हुनुपर्छ । समायोजनका लागि केन्द्रीय कार्यकारिणी समितिले कार्यदलहरु बनाएको छ । ती कार्यदलहरुले आआफ्नो काम मंसिर मसान्तसम्म पूरा गर्ने समयसीमा पनि तोकिएको छ । कार्यदलले आआफ्नो काम सम्पन्न गरिसकेपछि केन्द्रीय कार्यकारिणी समितिको बैठकबाट एउटा निर्णय हुन्छ ।

**० तर, विगतमा तत्कालीन राजपा र समाजवादीले महाधिवेशन गर्न सकेको थिएन । अहिले दुइटै पार्टी मिलेर जसपा निर्माण भइसक्दा पनि यसले आफ्नो महाधिवेशन गर्न सक्छ कि सक्दैन भन्ने आशंकाहरू त छन् नि ?**

– महाधिवेशन दलको नियमित प्रक्रिया हो । पाँच वर्षभित्र दलको महाधिवेशन गर्नैपर्छ । विगतमा राजपाले एक वर्षभित्र समायोजन प्रक्रिया पूरा गरेर महाधिवेशन गर्ने उद्देश्य थियो । तर त्यहीं अवधिमा विभिन्न कारणहरुले गर्दा महाधिवेशनको प्रक्रिया पूरा हुन सकेन । राजपा गठन भयो तर भ्रातृ संगठनहरु महाधिवेशनबाट टुंगो लगाउने एउटा सहमति थियो । तर जसपामा त्यो अवस्था छैन । जसपाले एक वर्षभित्र समायोजन प्रक्रिया पूरा गर्ने हो, अर्को वर्षमा पार्टी सुदृढीकरण, संगठन निर्माण, पार्टी प्रवेश प्रक्रियालाई जोड दिने हो । त्यसपछि तेस्रो वर्षमा महाधिवेशनमा होमिने हो । यो प्रक्रियाबाट जसपा अगाडि बढ्छ ।

**० एकीकरणको ६ महिना बितिसक्यो, एक वर्षभित्र जसपाको समायोजन टुंगो लाग्छ त ?**

– निश्चितरुपमा ६ महिनाभित्र समायोजन प्रक्रिया टुंगो लाग्छ । मंसिरसम्म जिल्लास्तरको टुंगो लाग्छ । त्यसपछि पालिका र वडास्तरसम्म समायोजन पूरा हुन्छ र भ्रातृ संगठन पनि टुंगो लगाउनुपर्छ । त्यसकारणले एक वर्षभित्र समायोजनका सम्पूर्ण प्रक्रिया टुंगो लाग्छ भन्ने लक्ष्य लिएको छ ।

**० संघीय संसदमा संसदीय दलको नेता कहिले टुंगो लाग्छ ?**

– केन्द्रीय कार्यकारिणी समितिले संसदीय दलको नेता टुंगो लगाउन सक्दैन, त्यो निर्णय गर्ने भनेको संसदीय दलले नै हो । अहिले दुवै दलको संसदीय दल छुट्टाछुट्टै छ । अब संसदीय दलको एकीकरण गर्नुपर्छ, त्यसका निम्ति छुट्टै संसदीय दलको विधान आवश्यक छ । त्यो विधान अब बन्छ । त्यो विधानको बारेमा कार्यदल बनाउने निर्णय भएको छ । विधान बनाइसकेपछि संसदीय दलको बैठक बस्छ र संसदीय दलले टुंगो लगाउँछ । संसदीय दलको नेता राजेन्द्र महतोलाई बनाउने सहमति भएको हो भन्ने कुरा सत्य हो । राजेन्द्र महतोजीले संसदीय दलको नेतृत्व गर्नुहुन्छ भन्ने कुरा आन्तरिक सहमति भएकै हो । त्यो सहमति वैधानिक तरिकाले कार्यान्वयन हुने हो ।

**० राजेन्द्र महतोलाई संसदीय दलको नेता दिने भएको अलिखित सम्झौता कार्यान्वयन हुन्छ त ?**

– जुन आधारमा एकता गरिएको हो, यदि एकताको पक्षमा सबै जना उभ्ने हो भने संसदीय दलको नेता राजेन्द्र महतोलाई दिने अलिखित सहमति कार्यान्वयन गर्नैपर्छ । मलाई लाग्छ यो अलिखित सहमति कार्यान्वयन हुन्छ । किनभने सबै जना एकताकै पक्षमा छन् । सहमति कार्यान्वयन पनि हुनुपर्छ । त्यो सहमतिमा यदि जालझेल भयो भने एकताप्रति शंकाहरु उब्जाउँछन् ।

**० संघीय परिषद्को अध्यक्ष डा.बाबुराम भट्टराई हुनुभएको छ । भनेपछि अब एक नम्बरको नेता डा.बाबुराम कि महन्थ ठाकुर ?**

– बिना नम्बरको नेता डा.बाबुराम भट्टराई हुनुहुन्छ त्यसपछि एक नम्बर सुरु हुन्छ । उहाँलाई मर्यादाक्रमभन्दा बाहिर राखिएको हो । मर्यादाक्रम त महन्थ ठाकुरबाट नै सुरु भएको हो । एक नम्बरमा महन्थ ठाकुर, दोस्रो नम्बरमा उपेन्द्र यादव, तीन नम्बरमा अशोक राई र चार नम्बरमा राजेन्द्र महतो हुनुहुन्छ ।

**० भनेपछि सर्वमान्य नेताको रूपमा डा.बाबुराम भट्टराई हुनुहुन्छ ?**

– डा.बाबुराम भट्टराईलाई सर्वमान्य नेताको रुपमा पनि भन्न सकिन्छ । तर, त्यो पद हामीले भनेका छैनौं । हामीले त संघीय परिषद्को अध्यक्ष भनेका छौं ।

**० भारतको गुप्तचर संस्था रअका प्रमुख सामन्त कुमार गोयलको नेपाल भ्रमणलाई कसरी हेर्नुभयो ?**

– भारत सरकारको गृह मन्त्रालयअन्तर्गत अनुसन्धान र गुप्तचर संस्था 'रअ'का प्रमुख हुन् सामन्त कुमार गोयल । रअले विश्वरभरि नै भारतको हितका विषयमा अनुसन्धान गर्ने उद्देश्य रहेको छ । त्यो उद्देश्यका साथ गोयलले प्रधानमन्त्री लगायत विभिन्न राजनीतिक व्यक्तित्वहरुसँग भेट गर्नुभएको होला । दुई देशबीचको सम्बन्धलाई थप सुदृढीकरण गर्ने विषयमा रअ प्रमुख गोयलले भेटघाट गर्नुभएको होला । हामीले बाहिरबाट हेर्दा विगत केही दिनदेखि दुई देशबीचको सम्बन्धमा रहेको तिक्ततालाई मेटाउने प्रयासलाई यो भ्रमणलाई लिन सक्छौं ।

**० रअ प्रमुखको प्रधानमन्त्रीसँग भेटघाट एउटा शिष्टाचार भेटघाट मात्र थियो कि रणनीतिक पनि ?**

– यो त त्यो संस्थाको उद्देश्य नै हो । संसारमै भारतलाई कसरी सुरक्षित राख्ने, भारतको हितमा कसरी काम गर्ने, भारतको अहित हुने काम कहीं कतैबाट हुन नदिने रअको उद्देश्य नै हो ।

**० भारतका कुनै उच्च पदस्थ व्यक्तित्वको नेपाल भ्रमण हुँदा नेपाली राजनीतिमा तरंग किन हुन्छ ?**

– यस विषयमा धेरै टीकाटिप्पणी गर्नुभन्दा पनि हामीले सामान्य रुपमा बुझ्नुपर्छ कि नेपालमा कुनै राजनीतिक घटना हुँदा त्यसमा भारतको हात छ भन्ने एक खालको मानसिकता छ । यो एउटा पुरानो रोग हो । त्यसमा पनि रअको प्रमुख नै नेपाल आएर प्रधानमन्त्रीलाई भेट्दा अलि बढी नै हल्लीखल्ली हुनु स्वाभाविक नै हो ।

**० रअ प्रमुखको नेपाल भ्रमणले दुई देशबीचको सम्बन्धमा सुधार आएको हो ?**

– उहाँहरुको भेटघाटमा के कस्तो कुराकानी भएको हो भन्ने कुरा अहिलेसम्म सार्वजनिक भएको छैन । त्यसकारणले दुई देशबीचको सम्बन्ध सुधारका विषयमा के-के कुराकानी भयो भन्ने कुरा भन्न सकिन्न । तर, सम्बन्धमा जुन तिक्तता आएको थियो, त्यसमा पक्कै पनि सुधार भएको हुनुपर्छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# मधेशमा पहिलो पटक विद्युत उत्पादन

रुपन्देही । मुलुकमा निर्माण भएका प्रायः सबै विद्युत् आयोजना पहाडी क्षेत्रमा निर्माण भएर राष्ट्रिय प्रसारण लाइनमा जोडिएका छन् । पहाडी क्षेत्रमा निर्मित आयोजनाले तराई क्षेत्रको विद्युतको अधिकांश माग धानेको छ । मुलुकमा विद्युत् उत्पादन सुरु भएको लामो समयपछि तराइबाट उत्पादित बिजुली पहिलोपटक राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । निजी क्षेत्रबाट सञ्चालित ८.५ मेगावाटको मुलुककै पहिलो ग्रिड कनेक्टेड सोलार पावर आयोजना पूरा भएर राष्ट्रिय प्रसारण लाइनमा जोडिएको हो । सौर्य ऊर्जाबाट विद्युत् उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनमा जोडिएको यो आयोजना निजी क्षेत्रको पहिलो ठूलो आयोजना रहेको बताइएको छ । ७० करोड रुपियाँको लगानीमा रिडी हाइड्रोपावर कम्पनीले रूपन्देहीमा निर्माण गरेको यो आयोजना भैरहवा नजिकै अमुवा सबस्टेसनमा जोडिएको छ । जलविद्युत्मा लगानी गरेको कम्पनीले पहिलोपटक सौर्य ऊर्जामा लगानी गरेको हो । आयोजनामा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजी लगानी छ । आयोजनामा बैङ्क अफ काठमाडौंको अगुवाइमा सिटिजन्स र नेपाल बङ्गलादेश बैङ्कले ४९ करोड लगानी गरेका छन् । गत मङ्सिरमा सुरु गरिएको आयोजना वैशाखमा सम्पन्न गरी विद्युत् उत्पादन गर्ने लक्ष्य लिइएको थियो तर बन्दाबन्दीका कारण आवश्यक उपकरण र जनशक्ति व्यवस्थापनमा भएको समस्याले पाँच महिना ढिलो गरी सम्पन्न भएको कम्पनीका कार्यकारी निर्देशक कुवेरमणि नेपालले जानकारी दिए । आयोजनाअन्तर्गत ३३० वाट क्षमताका ३२ हजार सोलार पाता जडान गरिएका छन् । सोलार पाताबाट उत्पादन हुने डीसी ऊर्जालाई एसीमा कन्भर्ट गर्न ८५० किलोवाट क्षमताका १० वटा इन्भर्टर जडान गरिएको छ । इन्भर्टरबाट आएको विद्युत्लाई ८.५ एमबीएको ट्रान्सफर्मरले ३३ केभीमा कन्भर्ट गरी राष्ट्रिय प्रसारण लाइनमा जोडिएको आयोजनाका प्रबन्धक यतु रावतले बताए ।

# महोत्तरीमा कृषि ज्ञान केन्द्र स्थापना

महोत्तरी । आफ्नै जिल्ला सदरमुकाममा कृषि ज्ञान केन्द्र स्थापना भई सञ्चालनमा आएपछि महोत्तरीका किसान उत्साहित भएका छन् । बडादशैं पर्वसँगै जिल्ला सदरमुकाम जलेश्वरमा केन्द्र स्थापना भएर सञ्चालनमा आएपछि खेतीपातीमा आवश्यक सहयोग चाँडै पाउने विश्वासले यहाँका किसान उत्साहित भएका हुन्। कात्तिकको पहिलो सातामै जलेश्वरमा स्थापना भएको केन्द्रले अब जिल्लामा कृषिक्षेत्रका आवश्यकताबारे प्रत्यक्ष समन्वय गर्ने किसानले आस पालेका छन् । यसअघि स्थानीय तहको निर्वाचन पूर्व जिल्ला/जिल्लामा रहेका जिल्ला कृषि विकास कार्यालय निर्वाचनपछि हटेर सरकारले दुई जिल्ला कार्यक्षेत्र रहनेगरी कृषि ज्ञान केन्द्र सञ्चालनमा ल्याएको थियो । प्रदेश नम्बर २ का आठ जिल्लामा चार केन्द्र सञ्चालनमा ल्याएअनुरुप महोत्तरी र सर्लाहीका लागि मलङ्गवा तोकिएको थियो । यस अवधिमा सामान्य सरसल्लाहका लागि खोज्दा पनि कृषि प्राविधिक उपलब्ध नभएका यहाँका किसानको गुनासो छ । किसानले अब जिल्लाका बिभिन्न भेगमा रहेका कृषि सेवा केन्द्र, स्थानीय तह र किसानबीच नवस्थापित कार्यालयले समन्वय गरिदिने आस गरेका छन् । जिल्लाका १५ स्थानीय तहमा कतैपनि कृषि शाखा राम्रो सञ्चालनमा नरहेको बेला स्थापना भएको कार्यालयले अब यस दिशामा सकारात्मक पहलकदमी तत्काल लिने विश्वास जागेको जिल्लाकै गौशाला नगरपालिकाको बटौवाबस्तीका किसान अरुण सिंह कुशवाहाले बताए । महोत्तरीमा कूल ७० हजार हेक्टर खेतीयोग्य जग्गा रहेको मानिन्छ । यहाँ तरकारी, फलफूल, माछापालन, पशुपालन र अन्नबालीका खासखास पकेटक्षेत्र यसअघि नै तोकिएका छन् । अब जिल्लामा स्थापित कृषि ज्ञान केन्द्रले खासखास क्षेत्रमा लागेका किसानलाई थप उत्प्रेरित गर्न आवश्यक रहेको लामो समयसम्म कृषिक्षेत्रमा कृषिविज्ञका हैसियतमा सरकारी सेवा दिएर हाल सेवानिवृत भएका भङ्गाहा-६ का वासिन्दा राजकिशोर यादवले बताए ।

**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**विजयादशमी, शुभ दीपावली, छठ-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**किरण सिंह**
**मेयर**
**कपिलवस्तु नगरपालिका**
**कपिलवस्तु, लुम्बिनी प्रदेश**

**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**विजयादशमी, शुभ दीपावली, छठ-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**उपेन्द्र प्रसाद यादव**
**मेयर**
**महागढीमाई नगरपालिका**
**बारा, प्रदेश २**

## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**प्रदेश नं. २, धनुषा, नेपाल**
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com

## आमाबाबुको स्मृतिमा जग्गा दान

सिरहा । सिराहाको गोलबजार नगरपालिका- ९ चोहर्वामा पाँचजना श्रेष्ठ दाजुभाइले दिवंगत आमाबाबुको स्मृतिमा अस्पताल र असहाय वृद्ध सेवा सदनका लागि करिब नौ करोड मूल्य पर्ने २३ कट्ठा जग्गा दान गरेका छन् । दिवंगत बाबु शिवनाथ श्रेष्ठ र आमा सन्तमाया श्रेष्ठको स्मृतिमा छोराहरू केदार श्रेष्ठ, हिरालाल श्रेष्ठ, मोती श्रेष्ठ, जवाहरलाल श्रेष्ठ र डा. विष्णु श्रेष्ठले अस्पताल र सदन निर्माणका लागि जग्गा दान गरेका हुन् । श्रेष्ठ दाजुभाइले १५ शय्याको सुविधासम्पन्न अस्पताल निर्माणका लागि १५ कट्ठा १० धुर र सदनका लागि सात कट्ठा १० धुर जग्गा दान गरेका हुन् । दान गरिएको जग्गामा अस्पताल र सदन निर्माणको महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री लीलानाथ श्रेष्ठले शिलान्यास गरेका छन् । शिलान्यास समारोहलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले अपांगता र फरक शारीरिक क्षमताका व्यक्तिहरूलाई सबलांगलाई झैं दैनिक काममा सक्रिय बनाउने गरी काम अगाडि बढाइएको बताए ।

## नगरपालिका कार्यालय बन्द

सप्तरी । कोरोना भाइरसको संक्रमणका कारण सप्तरीको सप्तकोशी नगरपालिकाले एक हप्तासम्मका लागि कार्यालय तथा मातहतका वडा कार्यालय बन्द गर्नाका साथै वडा नम्बर १० र ११ लाई पूर्ण रुपमा लकडाउन तथा सिल गरेको छ । नगर प्रमुख उत्तमकुमार शर्माले सूचना प्रकाशन गरी कात्तिक १८ गतेसम्मका लागि नगरपालिकाका कार्यालय तथा मातहतका वडा कार्यालय बन्द गरिएको जनाएका छन् । सप्तकोशी-१० का ६८ वर्षीय वडाध्यक्ष र नगरपालिकामा कार्यरत ४४ वर्षीय स्वास्थ्यकर्मीसहित ३१ जना कोरोना संक्रमित भएपछि एक हप्ताका लागि अत्यावश्यक कामबाहेक अन्य सेवा स्थगन गरिएको नगर प्रमुख शर्माले जानकारी दिए । नगरपालिका कार्यालयका केही कर्मचारीको स्वाब परीक्षणका लागि नमूना संकलन गरेर पनि पठाइएको छ ।

# संक्षिप्त समाचार

## बाँके अब कोरोना मुक्त जिल्ला

नेपालगञ्ज । बाँके जिल्लामा पछिल्ला दिनहरुमा कोरोनामुक्त भएर घर जानेहरु बढ्दै गएका छन् । अब २९६ जना संक्रमित मात्रै निको हुन बाँकी छन् । जिल्ला कोभिड १९ संकट व्यवस्थापन केन्द्र बाँकेका अनुसार बुधवार पनि १८ जना संक्रमणमुक्त भै घर फर्किएका हुन । बाँकेका कोरोना सम्पर्क व्यक्ति नरेश श्रेष्ठका अनुसार सरकारले ५०० भन्दा कम संक्रमित भएको जिल्लालाई संकटमुक्त जिल्ला घोषणा गरेको हुँदा संक्रमितको संख्या २९६ जनामा झरेसँगै बाँके जिल्ला पनि संकटमुक्त जिल्ला बन्न सफल भएको हो । उनले दसैंको बेला गत चार दिनमा बाँकेबाट ३२१ जना कोरोनामुक्त भै घर फर्किएपछि संक्रमितको संख्या घटेर जिल्ला नै संकटमुक्त बन्न सफल भएको जानकारी दिए । अब आइसोलेसन र अस्पतालमा रहेका २९६ मध्ये लक्षण देखिएका ४९ जनाको उपचार भेरी विशेष कोरोना अस्पताल नेपालगञ्ज र ३६ जनाको नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरमा उपचार भइरहेको छ । ती मध्ये २० जनाको अवस्था गम्भीर रहेको जनाउँदै उहाँले उनीहरुको उपचारमा प्लाज्मा थेरापीदेखि अन्य सबै विधिको प्रयोग भइरहेको छ ।

## जनप्रतिनिधिहरू आक्रोशित

रौतहट । रौतहट निर्वाचन क्षेत्र १ बाट निर्वाचित संघीय सांसद अनिल कुमार झाले दिएको आपत्तिजनक अभिव्यक्तिप्रति रौतहटमा तीव्र आलोचना हुन थालेका छन् । मंगलवार रौतहटको यमुनामाई गाउँपालिकामा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा सांसद झाले सरकारले दिएको बजेट मेयरहरुको बाउको सम्पति नभएको दिएको अभिव्यक्तिप्रति निर्वाचित जनप्रतिनिधिहरु आक्रोशित भएका छन् । यमुनामाई गाउँपालिकाको अध्यक्ष श्रीप्रसाद मुखियाले गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति दिने अनिल झाको राजनीतिक संस्कार नभएको कडा प्रतिक्रिया दिएका छन् । सामाजिक संजाल फेसबुकमा आफ्नो आईडीबाट वक्तव्य जारी गरेका अध्यक्ष मुखियाले एउटा डाइभर्सन बनाउन नसक्ने सांसद अनिल झाले मेयरप्रति गरेको नकारात्मक टिप्पणी अराजनीतिक संस्कारको परिचय रहेको ठहर गरेका छन् ।

## कपिलवस्तुमा डुबेर दुई जनाको मृत्यु

कपिलवस्तु । महाराजगञ्ज नगरपालिका-५ इट्रोलस्थित मठ्ठखनौवा पोखरीमा डुबेर शनिबार बिहान २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरुमा सोही नगरपालिका-५ इट्रोल बस्ने ३२ वर्षीय अशोक कुमार पाठक र सोही ठाउँ बस्ने २६ वर्षीय करमहंश पाठक रहेका छन् । पूजामा चढाउने कमलको फुल टिप्न गएको अवस्थामा उनीहरुको डुबेर मृत्यु भएको बताइएको छ । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## टिपर, ट्याक्टर र साइकल ठोक्किँदा एकको मृत्यु

पर्सा । बीरगंज महानगरपालिका-१६ नगवाचोकस्थित सडकमा ना.३ ख ९४२८ नम्बरको टिपर, अनटेष्ट लेखेको ट्याक्टर र सोही स्थान बस्ने ३२ वर्षीय गौरी शंकर मिश्राले चलाएको साईकल आपसमा ठक्कर खाई शनिबार साँझ दुर्घटना हुँदा साइकलयात्री गौरी शंकर मिश्राको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका साइकल यात्री मिश्राको नारायणी अस्पताल बीरगंजमा उपचारको क्रममा मृत्यु भएको हो । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिनुका साथै फरार ट्याक्टर चालकको खोजी कार्य गरिरहेको छ ।

## ट्याक्टर पल्टिएर दुर्घटना हुँदा एकको मृत्यु

रुपन्देही । रोहिणी गाउँपालिका-३ धकधई चोकमा लु.२ त ४६११ नम्बरको ट्याक्टर अचानक सडकमा पल्टिएर सोमबार दिउँसो दुर्घटना हुँदा ट्याक्टरमा सवार रोहीणी गाउँपालिका(३ बस्ने १२ वर्षीय निखिल घर्तीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका ट्याक्टरमा अन्य ३ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

## पोखरीमा डुबेर दुई किशोरीको मृत्यु

कपिलवस्तु । कपिलवस्तु जिल्लामा पोखरीमा डुबेर दुई किशोरीको मृत्यु भएको छ ।महाराजगंज नगरपालिका-२ ठुलो गौडहवास्थित पोखरीमा डुबेर सोही ठाउँ बस्ने बैजनाथ चौधरीकी छोरी १६ वर्षीया नेहा चौधरी र सोही ठाउँ बस्ने कुन्जी बिहारी चौधरीकी छोरी १० वर्षीया नन्दनी कुर्मीको सोमबार दिउँसो मृत्यु भएको छ । नुहाउने क्रममा पोखरीमा डुबेर अशक्त भएका उनीहरूको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## चोरी आरोपमा आफ्नै छोरासहित पाँचविरुद्ध उजुरी

वीरगन्ज । वीरगंज महानगरपालिका वडा नं.१० निवासी बबिता तिवारीको घरमा चोरी भएको भन्दै आफ्नै छोरा राजन तिवारीसहित ५ जना माथी पक्राउको लागि ठारो उजुरी सम्सान घाटमा रहेको अस्थायी प्रहरी चेकपोष्टमा दिएकी छिन् । अस्थायी प्रहरी चौकीमा परेको निवेदनमा पक्राउ गरि कार्वाहीका लागि माग गरेकाहरुमा स्थानीय युवाहरु, राजन तिवारी, मन्दीप माली, प्रयाग तिवारी, कौशल उपाध्याय र सुदामा सरार्फ रहेका छन् । यस विषयमा घरिअर्वाका स्थानीयहरु अस्थायी प्रहरी चौकीमा गई के कारणले यी सोझासाझा युवाहरु माथी गम्भीर आरोप लगाइएको भनेर विरोध गरेका छन् । जुन युवाहरु माथी आरोप लागिएको उनीहरु चौकीमा स्वयम हाजीर भएपछि उजुरीकर्ताहरु नआउँदा स्थानीय लगायत केहि राजनीतिक दलका युवाहरु प्रहरी चौकीकै प्राँगणमा विरोध प्रदर्शन गरेका थिए । स्थानीयहरुले राजन तिवारीसँग सोधपुछ गर्दा मेरो घरमा विभिन्न किसिमका व्यक्तिहरु आउँदा मलाई घरबाट बाहिर निकाली घरमा बस्दै आएकोलाई मैले विरोध गर्दा म लगायत मेरो आसेपासेहरु माथी गम्भीर चोरीको आरोप लगाई फसाउन खोज्ने सड्यन्त्र गरिएको छ । सोको विरोधमा विपक्षीहरु माथी मानहानीको मुद्दा र घरमा आउने विभिन्न व्यक्तिहरुको पहिचान गरी कार्वाहि गरिने जिल्ला प्रहरी पर्सामा माग गरिएको छ ।

## 'अबको लडाई समृद्धि र विकासका लागि'

गौर । सत्तारुढ नेकपाका नेता तथा रौतहट क्षेत्र नम्बर ३ का सांसद प्रभु साहले अबको लडाई समृद्धि र विकासको लागि लड्नुपर्ने बताएका छन् । रौतहटको देवाही गोनाही नगरपालिका-९, धरहरीमा आयोजित शुभकामना आदानप्रदान तथा जनचेतना कार्यक्रमलाई सम्बोधन गर्दै सांसद साहले एकात्मक सत्ता र सामन्तवादविरुद्ध लामो संघर्ष गरिसकेकोले अब विकास र समृद्धिमा केन्द्रित हुनुपर्ने जीकिर गरे । नेकपा प्रदेश २ का अध्यक्ष समेत रहेका सांसद साहले जनता र सबै तहको सरकारको सहकार्य हुन सके तीव्र गतिमा विकासको लक्ष्यतर्फ अगाडि बढ्न सकिने बताए । 'हामीले लामो समयसम्म राजतन्त्र र सामान्तवादका विरुद्ध संघर्ष गरेर देशमा परिवर्तन ल्याएका हौं । हिजोको लडाई आम जनताको साथ बिना सम्भव थिएन । तर लडाई त्यही रोकिएको छैन, हामीले अर्को लडाई लडन बाँकी नै छ । अबको लडाई विकासका लागि, समृद्धिका लागि । हिजो जस्तै तपाईहरुले यस लडाईमा पनि साथ दिन जरुरी छ' पुर्वमन्त्री समेत रहेका सांसद साहले भने ।

## प्रदेश २ सरकारले प्रदेश प्रहरीको भर्ना गर्ने

जनकपुधाम । प्रदेश लोकसेवा आयोगलाई प्रदेश २ को मन्त्रिपरिषदले सैद्धान्तिक सहमति दिएपछि प्रदेश प्रहरी भर्ना प्रक्रिया सुरु भएको छ । प्रदेश २ को मन्त्रिपरिषदबाट तत्काल एक हजारसम्म प्रहरी भर्ना गर्ने सैद्धान्तिक सहमति भएको प्रदेश २ का आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादवले बताए । मन्त्री यादवले भने, 'चाडपर्व सकिएलगत्तै प्रहरी भर्नासम्बन्धी विज्ञापन सार्वजनिक हुन्छ ।' प्रदेशभरमा नौ हजार ६ सय ५८ जनाको दरबन्दी रहेकोमा अहिले सात हजार तीन सय ३५ मात्रै कार्यरत रहेको मन्त्री यादवले बताए । रिक्त रहेको दरबन्दीमध्ये तत्काल पहिलो चरणमा बढीमा एक हजारसम्मलाई भर्ना लिन सक्ने मन्त्री यादवले बताए । प्रदेश प्रहरी ऐनमा प्रहरी जवानदेखि प्रहरी निरीक्षकसम्म भर्ना लिन सक्ने उल्लेख छ । तर, प्रहरी भर्नाको मापदण्ड संघीय प्रहरी कै ऐनअनुसार हुने भनिएको छ ।

## बाँकेका प्रजिअलाई कोरोना संक्रमण

नेपालगञ्ज । बाँकेका प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्वांग कोरोना भाइरसबाट संक्रमित भएका छन् । जिल्लाको नरैनापुरमा कोरोना सङ्क्रमण व्यापक भइरहेका बेला स्यांगजाबाट बाँकेमा सरुवा हुनु भएका प्रजिअ कुरुम्वांग कोभिड १९ को महामारी नियन्त्रणका लागि दिनरात नभनी आफै सबैतिर खटिएका थिए । सिमाना, क्वारेन्टान र आइसोलेसनको व्यवस्थापनदेखि कोरोना विशेष अस्पतालको सञ्चालन र शव व्यवस्थापनसम्म आफै खटिँदै आएको अवस्थामा परीक्षण गराउँदा मंगलवार उनलाई संक्रमण पुष्टि भएको छ । कोरोना नियन्त्रणको काम गर्दा गर्दै मंगलवार उनलाई संक्रमण पुष्टि भएको हो । आफु संक्रमित भएको जानकारी गराउँदै प्रजिअ कुरुम्वांगले केही दिन यता नजिकै भएर काम गरेका सबैले परीक्षण गराउनसमेत आग्रह गरेका छत् । केही दिन पहिले मात्रै बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेल र नेपालगञ्ज उपमहानगरका उपमेयर उमा थापामगर पनि जनताको सेवामा खटिंदा खटिँदै संक्रमित भएर हाल होम आइसोलेसनमा छन् । पछिल्लो केही दिन यता जिल्लामा संक्रमितहरु घट्दै गएका छन् भने संक्रमित देखिनेमा लक्षण भएकाहरु अधिकांश रहेको स्वास्थ्य कार्यालय बाँकेले जनाएको छ ।

## पटाका बरामद

मोरङ । सुनबर्सी नगरपालिका-८ सिक्टी बजारबाट खोर्सानि बम २ पोका, मिनि बुलेट २० प्याकेट र भाले पटाका १ प्याकेट बुधबार राति प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी सिक्टीबाट गस्तीमा खटिएको गस्ती टोलीलाई देख्नासाथ उक्त पटाका छाडी मानिस साईकल लिई फरार भएपछि प्रहरीले बरामद गरेको हो । फरार व्यक्तिहरुको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## ट्रकको ठक्करबाट पैदलयात्रीको मृत्यु

कैलाली । धनगढी उपमहानगरपालिका-३ चटकपुरस्थित सडकमा बुधबार दिउँसो ना.३ ख ५५८५ नम्बरको ट्रकको ठक्करबाट पैदलयात्री सोही उपमहानगरपालिका सगंमटोल बस्ने ६६ वर्षीय बीर सिंह बिष्टको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका बिष्टको माया मेट्रो अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो । ट्रक प्रहरीले नियन्त्रणमा लिई हाल फरार ट्रक चालकको खोजी गरिरहेको छ ।

## तास खेलिरहेकाहरू पक्राउ

कपिलवस्तु । बाणगंगा नगरपालिका-८ मध्य बनगाईबाट तास खलिरहेको अवस्थामा सोही नगरपालिका-७ कोईली बनगाई बस्ने ४३ वर्षीय सन्तोष गिरी लगायत १२ जनालाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । तास खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय पिपराबाट खटिएको प्रहरीले उनीहरुलाई नगद १ लाख ७५ हजार ८ सय ५० रुपैयाँ सहित पक्राउ गरेको हो ।

## विश्व परिवेश

# भारतलाई अझ शक्तिशाली बनाउन अमेरिकाले गऱ्यो सम्झौता

काठमाडौं । एकपछि अर्को शक्तिराष्ट्रहरुसँगको सहकार्य पछि दक्षिण एसिया, हिन्द महासागर एवं इन्डो प्यासिफिक क्षेत्रमा भारतको सबल रुपमा उदय भएको छ । अमेरिका र भारतबीच 'जियोस्पाटियल इन्टेलिजेन्सी'को साझेदारी र सहकार्यका विषयमा सम्झौता भएको छ । यो सम्झौतालाई बीईसीए नाम दिइएको छ ।

जियोस्पाटियल इन्टेलीजेन्सी एक अमेरिकी खुफिया प्रणाली हो जसले भुउपग्रह र शक्तिशाली क्षमताका उपकरणहरुबाट पृथ्वीमा भइरहेका मानविय गतिविधिहरुबारे तथ्यांक राख्ने गर्छ । अब, भारतले अमेरिकी सुचना प्रणालीको प्रयोग गर्न पाउने भएसँगै यसले वास्तविक समयमा पृथ्वीमा भइरहेका घटनाहरुलाई नियाल्न सक्नेछ । यो सहमतिसँगै कुनै पनि शंकास्पद उच्चपहाडी, तटिय एवं जंगल क्षेत्रमा भइरहेका गतिविधिहरुलाई रियल टाइममा भारतले हेर्न पाउने भएको हो ।

अमेरिकी विदेशमन्त्री माइक पोम्पेओ, रक्षामन्त्री मार्क स्पर, भारतीय विदेशमन्त्री एस. जयशंकर र रक्षामन्त्री राजनाथ सिंहबीचको भेटवार्ता भएपछि भएको यो सम्झौतापछि अब, भारतले अमेरिकी जियोस्पाटियल इन्टेलीजेन्सीको प्रयोग एवं पहुँच पाउँने भएको छ । यसले भारतलाई आफ्ना मिसाइलहरु, सशस्त्र ड्रोन र अन्य एयरक्राफ्टहरुलाई नियन्त्रण गर्न र वास्तविक निशाना लगाउन ठूलो सहयोग गर्ने छ ।

यसबाहेक, भारतले आफ्नो सीमा क्षेत्रमा कुनै तेस्रोशक्तिले गर्न खोजिरहेको दुश्प्रयासका कुराहरुलाई समेत स्याटेलाइट इमेजबाट देख्न सक्नेछ । अमेरिकी चुनावको पूर्वसन्ध्यामा ट्रम्प प्रशासनले भारतसँग यस किसिमको सम्झौतालाई ठूलो प्राथमिकतामा राख्नुले यो विषयलाई चीनलाई झड्का पर्ने अनुमान रणनीतिकारहरुको छ ।

यति मात्रै नभएर भारत र अमेरिकाबीच जलिय सशस्त्र सुचना प्रवाहको सहकार्य एवं साझेदारीका लागि समेत सहमति भएको छ । यो सम्झौतालाई एमआईएसटीए नाम दिइएको छ । यसबाहेक दुईदेशबीच सैन्य हतियार किनबेच एवं अन्य सबै किसिमका सहकार्यको सम्झौता भएको छ । यी दुई सहमितको मुख्य फाइदा भने भारतले अब, पानी, जमिन र हावा तीनवटै क्षेत्रमा सेना र हतियारको परिचालन एवं प्रयोगमा उल्लेख्य क्षमता अभिवृद्धि गर्न सक्नेछ । अर्को कुरा भारतले आफ्नो भुमी र सीमा क्षेत्रमा सुरक्षा खतराका विषयलाई सहजै निर्क्यौल गर्न सक्नेछ ।

दक्षिण एसियाली क्षेत्रमा विगत दशकभन्दा लामो समयदेखि चिनियाँ प्रभुत्व बढ्दै आएको थियो । विस्तारवादी नीतिसँगै छलकपटपूर्ण तरिकाले आफ्नो हीतरक्षामा लागेको चीनको वास्तविकता बाहिर आएसँगै अहिले सबै मुलुकहरु चीनविरुद्ध उभिन थालेका छन् । भारत, जापान, अष्ट्रेलिया र अमेरिकाको संयुक्त सहकार्य क्वाडले सक्रियता बढाउँदै लगेका बेला भारत र अमेरिकाबीचको यो नयाँ सैन्य सहकार्यले चीनलाई अझैं टाउको दुखाउने विश्लेषण समेत शुरु भएको छ । यो सहकार्यपछि अब भारतीय सेनाले निश्चित निशानामा सजिलै प्रहार गर्न सक्नेछ । हिन्द महासागरमा आएका कुनै पनि चिनियाँ लडाकु जहाजहरुलाई सजिलै र स्पष्ट तरिकाले अब, भारतले अवलोकन गर्न सक्नेछ । यसले ती जहाजहरुले गरिरहेका गतिविधिहरुमाथि भारतले प्रत्यक्ष निगरानी राख्न सक्नेछ । जसरी सन् २०१९ मा बालकोटमा पाकिस्तानले आक्रमण गरेका थियो । अब, यदि कुनै त्यस्ता आक्रमण भएभने भारतले त्यसको तथ्यांकहरु हेरेर वास्तविकता पत्ता लगाउन सक्छ । यसरी भारतले आफ्नो सैन्य क्षमता र खुफिया क्षमतालाई उल्लेख्यरुपमा प्रगतीशिल बनाएको छ । यसले अब, भारतीय सैन्य क्षमतालाई चिनियाँ भन्दा तेज हुन मद्दत गर्नेछ ।

चारवटै समकक्षीहरुबीचको भेटमा अमेरिकी विदेशमन्त्री पोम्पेओले, 'भारत र अमेरिकाको सहकार्यले इन्डो प्यासिफिक एवं विश्वमा नै शान्तिलाई बढवा दिने' बताएका थिए । हिन्द महासागर र दक्षिण एसिया अब, चीनको दबाबबाट मुक्तहुँदै भारतसँगको सुगम सहकार्यमा अघि बढ्न तयार रहने अपेक्षा भारतीय रणनीतिकारहरुको छ । जसका लागि भारतले, क्वाडदेखि सैन्य क्षमताको विकास र विस्तार गरेको छ । दक्षिण एसियामा भारतको सफल उदय गराउनका लागि अमेरिका मात्रै हैन्, जापान, अष्ट्रेलियाले समेत साथ दिइरहेका छन् ।

# चीनले जानाजान युआन कमजोर बनाइरहेको आशंका

काठमाडौं । दशकौंदेखि विदेशी मुद्रा र मानिसहरुको सिमित पहुँचमा रहेको चीन निकै रहस्यमय देशका रुपमा रहेको छ । सन् १९७८ मा विदेशी लगानीका लागि अर्थतन्त्र खुला गरिए पनि चीनले आफ्नो देशको अर्थव्यस्था एवं व्यापारिक क्षेत्रमा कुनै पनि अन्तर्राष्ट्रिय नीति एवं मान्यताहरुको कदर गरेको छैन्। कम्युनिस्ट पार्टीबाटै अपारदर्शी र अस्पष्ट अभ्यासहरुका साथ चीन एक रहस्यमय देशका रुपमा रहेको छ । पछिल्लो समयमात्रै केही चिनियाँ प्राइभेट कम्पनीहरु अन्तराष्ट्रिय नियमन हुने बाटोमा लागेका छन् । तर, चीनको सबैभन्दा ठूलो रहस्यको विषयमा विदेशी मुद्रा सञ्चित रहेको छ । सन् २०१७ देखि चीनले ३ देखि ३.२ ट्रिलियन डलर सञ्चित राखेको छ । सन् २०१७ मा ट्रम्प प्रशासनले चिनियाँ अर्थतन्त्रमाथि कडा आक्रमण गरेको थियो । तर, पनि चिनियाँ डलर सञ्चयमा कुनै कमी आएको छैन् ।

चीनलाई मुद्रा मेन्युपुलेसनको आरोप लाग्दै आएको छ । यसको अर्थ चीनले आफ्नो मुद्राको मुल्य घटाउँदै आफ्नो उत्पादनलाई विश्वबजारमा सस्तोमा बेचेर औद्योगिक फाइदा लिने चीनले रणनीति लिएको हो । खासमा, विदेशी मुद्रा संञ्चयले अमेरिकी डलरविरुद्ध सो देशको मुद्राको प्रभाव कति कम बढी हुन्छ भन्ने कुरालाई निर्धारित गर्छ । यदि केन्द्रिय बैंकले खुला बजारमार्फत विदेशी विनिमय बेच्छ भने त्यहाँ अमेरिकी डलर कमजोर हुन्छ । र जब, कुनै देशले विदेशी विनिमय खरिद गर्छ भने तब डलरको माग बढ्दा सो देशको मुद्राको मुल्य घट्छ । दशकौंदेखि पूर्वी एसियाली मुलुक, जापान, ताइवान, दक्षिण कोरिया र सन् १९९०को दशकदेखि चीनले ठूलो मात्रामा ( ट्रिलियन बराबर) अमेरिकी डलरको सञ्चय राखेर आफ्नो देशको मुद्रालाई सानो बनाएका छन् । यसो गर्दा ती मुलुकको निर्यात बढ्छ र आयात निकै महँगो पर्छ । मानौं, अमेरिकामा १० डलर पर्ने कुनै समान नेपालमा किन्नु पर्दा १ हजार रुपैयाँ पर्छ । यसरी जति धेरै मुद्रा कमजोर भयो त्यति नै आयातित सामानको मुल्य महंगो पर्छ । तर, नेपालले १०० रुपैयाँ नेपाली पर्ने समान बनाएर अमेरिकामा बेच्यो भने अमेरिकी नागरिकले १ डलर मात्रै तिर्नुपर्ने हुन्छ । यसो हुँदा मानिसहरुले अमेरिकी सामान भन्दा नेपाली समान नै किन्छन् र अमेरिकी व्यापारमा घाटा हुँदै जान्छ ।

विजयादशमी, शुभ दीपावली, छट-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**दयानन्द गोइत**
**अध्यक्ष**
**बलान-बिहुल गाउँपालिका, सप्तरी, प्रदेश २**

विजयादशमी, शुभ दीपावली, छट-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शिवनाथ महतो**
**मेयर**
**गौशाला नगरपालिका, महोत्तरी, प्रदेश २**




## बढ्यो विद्युत् चुहावट

सिरहा । कोरोना संक्रमणका कारण चुहावट नियन्त्रण अभियान सञ्चालन नहुँदा सिराहाको लहान क्षेत्रमा आर्थिक वर्ष ०७६/७७ मा विद्युत् चुहावट करिब १० प्रतिशतले बढेको छ ।

विगतका वर्षमा विद्युत् चुहावट नियन्त्रण अभियान सञ्चालन हुँदा करिब २७ प्रतिशतमा झरेको चुहावट यस वर्ष ३६ दशमलव २५ प्रतिशतमा पुगेको विद्युत् प्राधिकरण वितरण केन्द्र लहानले जनाएको छ ।

अघिल्लो आर्थिक वर्ष ०७५/७६ मा विद्युत् चुहावट अभियान सञ्चालन हुँदा विद्युत् चुहावट २७ दशमलव २९ प्रतिशतमा झरेको थियो । सरकारले गत चैत महिनादेखि गरेको लकडाउन र फैलिँदो कोरोना संक्रमणको सन्त्रासका कारण चुहावट नियन्त्रणका लागि गाउँगाउँमा टोली पठाउन नसकेका कारण चुहावट बढेको विद्युत् प्राधिकरण वितरण केन्द्र लहानका प्रमुख ई. धीरेन्द्रकुमार यादवले जानकारी दिए ।

यस्तै आर्थिक वर्ष ०७६/७७ मा विद्युतको महसुल नबुझाउने एक हजार चार सय २४ ग्राहकको विद्युत् लाइन काट्दा रु. तीन करोड २९ लाख ८४ हजार चार सय ८२ बाँकी बक्यौता रकम असुली भएको जनाएको छ ।

आव ०७५/७६ मा विद्युतको महसुल नबुझाउने चार सय ४९ ग्राहकको विद्युत् लाइन काट्दा रु. एक करोड ९२ लाख १२ हजार नौ सय २५ बाँकी बक्यौता रकम असुली भएको थियो । लामो समयदेखि विद्युत् महसुल नबुझाउने दुई सय ७७ ग्राहकलाई कालोसूचीमा राखिएको र त्यस्ता ग्राहकको क्रमशः लाइन काटिने प्रमुख यादवको भनाइ छ । कालोसूचीमा रहेका ग्राहकबाट रु. ६० लाख आठ हजार चार सय ३८ बक्यौता उठाउन बाँकी रहेको जनाएको छ । त्यस्तै विद्युत् प्राधिकरण वितरण केन्द्र लहानले सो अवधिमा हुकिङ गरी विद्युत् चुहावट गर्ने ३६ जनालाई पक्राउ गरी जरिवानाबापत रु. १७ लाख ८४ हजार आठ सय ६३ राजस्व संकलन भएको विद्युत् प्राधिकरण वितरण केन्द्र लहानका इन्जिनियर रामजी साहले बताए ।

## जिल्ला समाचार

### जानकी मेडिकल कलेजको ताल्चा प्रहरीले फोड्यो

जनकपुरधाम । बाँकी तलब तथा संचय कोषको रकम नदिएको भन्दै जानकी मेडिकल कलेज शिक्षण अस्पतालका कर्मचारीहरुले प्रशासन शाखामा लगाएको ताल्चा प्रहरीले फोडेको छ । एक महिनादेखि धनुषाको रमदैयास्थित जानकी मेडिकल कलेज शिक्षण अस्पतालका कर्मचारीहरुले गत ८ महिनादेखि बाँकी रहेको तलब र ६ वर्षको संचय रकम माग गर्दै ओपीडी सेवा र प्रशासनिक सेवा बन्द गरी असोज १२ गतेदेखि कलेज परिसरमै धर्ना दिँदै आएका थियो । बुधबार आन्दोलनरत कर्मचारीहरुले लगाएको ताला प्रहरीले तोडेको छ । तर लामो समयदेखि आन्दोलनरत कर्मचारीको मागमा भने कलेज व्यवस्थापनले कुनै चासो देखाएको छैन । गत भदौ ३० गते कलेज व्यवस्थापक र आन्दोलनरत उमेश यादवबीच असोज ४ गतेसम्म लेखापाल राखि बक्यौता रकमबारे खर्च हिसाब सार्वजनिक गर्ने र असोज ३० सम्म दसैं खर्च, संचय कोष र तलब लगायतको सम्पूर्ण रकम भुक्तानी गर्ने जिल्ला प्रहरी कार्यालय धनुषामा प्रहरी नायब उपरीक्षक मकेन्द्र मिश्रको रोहबरमा सम्झौता भएको थियो । यसभन्दा पहिले पनि पटक-पटक कर्मचारी र कलेज व्यवस्थापकबीच सहमति भएपनि कार्यान्वयन हुन सकेको छैन । पछिल्लो पटक जिल्ला प्रहरीमा सहमति भएपछि तालाबन्दी खोलिए पनि कलेज व्यवस्थापकले सम्झौता अनुसार बक्यौता खर्च हिसाब सार्वजनिक नगरेपछि उमेश यादवको संयोजकत्वमा कर्मचारीका तर्फबाट कर्मचारी हकहित संरक्षण समिति गठन गरी गत असोज १२ गतेदेखि धर्नामा बसेका छन् । पीडित ४० जना कर्मचारी नियमित रुपमा कलेज प्रशासनिक कार्य अवरुद्ध गरी धर्नामा बस्दै आएका छन् । कलेज व्यवस्थापकले आन्दोलनरत कर्मचारीहरुको माग सम्बोधन गर्नुको साटो उनीहरुलाई निलम्बन र स्पष्टिकरणसहितका कारबाही प्रक्रिया अघि बढाएको छ । दसैं अवधिभर कलेज व्यवस्थापकले आन्दोलनरत कर्मचारीमध्ये कुलदिप साह, जयकुमार यादव, राजनारायण यादव र अञ्जु पटेल लगायतका कर्मचारीलाई कारबाही स्वरुप निलम्बन गरेको गरेको संयोजक यादवले बताए । संयोजक यादवले आफूहरुको माग पूरा गराउन कात्तिक १६ गतेदेखि आकस्मिक सेवासमेत बन्द गरेर आमरण अनसनमा बस्ने चेतावनी दिएका छन् । यता कर्मचारीहरुको बक्यौता रकम दिने सहमति भएपछि कारबाहीमा परेका कर्मचारीहरु आन्दोलनमा रहेको कलेजका वरिष्ठ प्रमुख प्रशासकीय अधिकृत दयानन्द झाले दावी गरे । कर्मचारीहरुको ६ वर्षको दसैं पेश्की, ८ महिनाको तलब, ६ वर्षदेखिको संचय कोष लगायतका रकम बाँकी रहेको जनाएका छन् ।

### बाँकेमा उत्पादित चल्लाको माग अत्यधिक

नेपालगञ्ज । बाँकेको खजुरामा रहेको कुखुरा विकास फार्मले उत्पादन गरेको चल्लाको माग बाँके लगायत यस देशभरकै विभिन्न जिल्लामा अत्यधिक रहेको फार्मले जनाएको छ । कुखुरा विकास फार्म खजुराका प्रमुख डा.शकर न्यौपानेले गुणस्तर, जात र न्युन मुल्यका कारण फार्ममा उत्पादन गरिएका चल्लाको माग अत्यधिक भएको बताए । उनले कात्तिक मसान्तसम्मका लाागि किसानहरुले चल्ला खरिद गर्न फार्ममा बुकिंग गराईसकेकोले अब आउने किसानलाई मंसिरमा मात्र पाउने भनि फिर्ता पठाउने गरिएको बताए । फार्मका प्रमुख डा. न्यौपानेका अनुसार कात्तिक मसान्तसम्म ५० हजार चल्ला दिनुपर्ने भएकोले सोही अनुसार उत्पादन गर्ने कार्य भैरहेको बताए । हालसम्म अर्डर अनुसारको २५ हजार चल्लाको उत्पादन भैसकेको र बाँकी उत्पादन भइरहेको उनको भनाई छ । बर्दियाको राजापुरबाट चल्ला लिन आउनु एका किसान नरेश थारुले फार्मको चल्ला निकै राम्रो भएको र मासु पनि बढी हुने भएकोले यसको माग धेरै रहेको बताए । उनले एक हजार चल्ला लिन आएकोमा माग धेरै भएकोले ५०० मात्र पाएको बताए । सो फार्ममा न्यु हेम्पसायर, अष्टालोप, शुद्ध स्थानीय र स्थानीय क्रस जातका चल्लाहरु उत्पादन भइरहेकोले ती चल्लाको माग पश्चिम नेपालका सबैजसो जिल्लामा अत्याधिक रहेको जनाईएको छ । डा. न्यौपानेले लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशलाई लक्षित गरेर कुखुरा विकास फार्मको स्थापना गरिए पनि चल्लाको गुणस्तर,जात र मुल्यका कारण ती क्षेत्र बाहेक पूर्वको इटहरीदेखि ताप्लेजुंगसम्म गरेर देशभरिबाटै चल्लाको माग आइरहेको बताए । सो फार्ममा एक दिने चल्लालाई प्रति चल्ला ४० रुपियाँमा विक्री गर्ने गरिएको छ भने बुढो भएका पोथीलाई दुई सय रुपियाँ किलो र भालेलाई २७५ रुपियाँ किलोमा विक्री गर्ने गरिएको फार्मले जनाएको छ । गत आर्थिक वर्ष २०७६/७७ मा दुई लाख १९ हजार चल्ला उत्पादन भएकोमा २ लाख ११ हजार विक्री गरिएको जनाउँदै सो फार्मका प्रमुख डा. न्यौपानेले चालु आर्थिक वर्ष २०७७/७८ मा तीन लाख उत्पादन गर्ने लक्ष्य राखिएको बताउनुभयो । उहाँले अहिलेको माग हेरेर सो पनि कम पर्ने देखिएको जनाए ।

### प्रदेश सांसद कुर्मीद्वारा मस्जिद उद्घाटन

वीरगन्ज । वीरगंज महानगरपालिका वडा नं.१९ वरवां टोलमा प्रदेश सांसद रमेश प्रसाद कुर्मीले संसदीय कोषको २० लाख रुपैयाँको लगानीमा निर्माणधिन मस्जिदको उद्धघाटन गरेका छन् । वीरगंज महानगरपालिका वडा नं.१९ वरवां टोलमा सांसद रमेश प्रसाद कुर्मीको पहलमा संसदीय कोषको २० लाख रुपैयाको लगानीमा निर्माणधिन मस्जिदको उद्धघाटन गरिएको छ । वडा नं.१९ मा नयाँ मस्जिदको उद्धघाटन कार्यक्रममा प्रदेश सांसद तथा जनता आवासका प्रमुख रमेश प्रसाद कुर्मीले रिबन काँटी मस्जिदको उद्धघाटन गरेकोमा स्थानीयहरु हर्षित भएका छन् । विकास कार्य निरन्तर रुपमा गर्दै आएको सांसद कुर्मीले सञ्चारकर्मीहरुलाई जानकारी दिए । मस्जिद उद्धघाटन कार्यक्रममा प्रमुख अतिथि प्रदेश सांसद तथा जनता आवासका प्रमुख रमेश प्रसाद कुर्मी, वडा नं.१९ वरवा टोलका अध्यक्ष सन्तोष तिवारी, आमन्त्रित नेताहरुमा जसपाका भुवन यादव, मौलना मोहम्मद अन्वर, मौलाना जविउल्लाह अन्सारी, रहमान अन्सारी, रफार मिया, नन्नलाल यादव लगायत को उपस्थिती रहेको सांसद रमेश प्रसाद कुर्मीका स्वकीय सचीव शेख फिरोजले पर्साका पत्रकारहरुलाई जानकारी दिएका छन् ।

### सांसद झाको अभिव्यक्तिको आलोचना

राकेश यादव, रौतहट । रौतहट जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य एवं जनता समाजवादी पार्टी नेपालका निर्वाचन प्रमुख अनिल कुमार झाले विवादित अभिव्यक्ति दिएका छन् । जनता समाजवादी पार्टीले बडा दशैं, शुभ दीपावली तथा छठ पर्वको अवसरमा रौतहटको यमुनामाई गाउँपालिका वडा नम्बर ३ मा आयोजना गरेको शुभकामना आदान प्रदान कार्यक्रममा प्रमुख आतिथिको आसन्नबाट सम्बोधन गर्दै पूर्वमन्त्री झाले संघीय सांसदले नगरपालिका र गाउँपालिकाको खातामा पठाउने विकास निर्माणको रकम स्थानीय तहका मेयरको बाउको सम्पति नरहेको भनी नकारात्मक टिपण्णी गरेका छन् । पहिलाको सांसद जस्तो अहिलेको सांसदको अधिकार नभएको जिकिर गर्दै पूर्वमन्त्री झाले स्थानीय सरकारलाई पुल, नाला, सिचाई, विद्यालय निर्माण, अस्पताल निर्माण लगायतका विकास निर्माणको कार्य गर्न संघीय सांसदले नगरपालिका र गाउँपालिकाको खातामा बजेट हाल्न लगाउँछ तर मेयरहरुले सांसदले के दिए भनी प्रश्न उठाउने गर्ने भन्दै भने सांसदले केहि दिएन भने खातामा आएको रकम तपाईको बाउको हो । निर्वाचित भएको तीन वर्ष बितिसक्दा पनि आफ्नो आफ्नो निर्वाचन क्षेत्रमा ठोस योजना सञ्चालन गर्न नसकेका झाको स्थानीय जनताले आलोचना गर्न थालेपछि जनताको रिस मेयर लक्षित गरेका छन् ।

### विभिन्न हातहतियारसहित पक्राउ

मोरङ । मिक्लाजुङ गाउँपालिका-१ रमितेबाट विभिन्न हातहतियार सहित सोही ठाउँ बस्ने प्रतिक भन्ने काशीनाथ घिमिरे र सनम भन्ने बिज्ञान राईलाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । उनीहरुबाट १ थान एकनाले भरुवा बन्दुक, ३५ थान ईलेक्ट्रिक डेटोनेटर, १८ थान ननईलेक्ट्रिक डेटोनेटर, करिब २ किलो जिलेटिङ, १ थान सुतली बम, १ थान टुकी बम, १ थान १२ भोल्ट ब्याट्री र करिब ५० मिटर बिजुलीको तार बरामद भएको छ । बिषेश सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले उनीहरुले लुकाई राखेको अवस्थामा उक्त हतियार फेला पारी उनीहरुलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### आगलागीबाट चार करोडको क्षति

कैलाली । टिकापुर नगरपालिका-३ शंकरपुरस्थित डबल बहादुर बलायरको सोयाविन कम्पनीमा बिद्युतको तार सर्ट भई बुधबार बिहान आगलागी हुँदा घर, सोयाविन बनाउने मेसिन, कच्चा पदार्थहरु, तयारी सोयाविन राखिएको गोदाम घर समेत जलेर करिब ४ करोड रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरी, दमकल, स्थानीय बासिन्दा र सशस्त्र प्रहरी बल नेपालको सहयोगमा आगालागी नियन्त्रणमा आएको छ ।

### मोटरसाइकलको ठक्करबाट पदैलयात्रीको मृत्यु

मोरङ । उर्लाबारी नगरपालिका-४ आईतबारेस्थित सडकमा को.२६ प ९२६१ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री कानेपोखरी गाउँपालिका-२ बस्ने ४५ वर्षीया भिम कुमारी पुरीको मंगलबार दिउँसो मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको अरनिको अस्पताल उर्लाबारीमा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### तास खेलिरहेका पाँच जना पक्राउ

कैलाली । गौरीगंगा नगरपालिका-६ स्थित कुखुराको फर्मभित्र तास खेलिरहेको अवस्थामा ५ जनालाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ६० वर्षीय भक्त बहादुर शाही, ३६ वर्षीय रंग साउँद, ४२ वर्षीय राम बहादुर साउँद, ४५ वर्षीय डम्बर शाही र ५२ वर्षीय वीर बहादुर साउँद रहेका छन् । गोप्य सूचनाको आधारमा सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय दिपायल, जिल्ला प्रहरी कार्यालय कैलाली तथा मातहत कार्यालय समेतबाट खटिएको संयुक्त प्रहरी टोलीले उनीहरूलाई तास खेलिरहेको अवस्थामा नगद २ लाख २३ हजार ५ सय रुपैयाँ र २ गड्डी तास सहित फेला पारी पक्राउ गरेको हो ।

### ट्याक्टर दुर्घटनामा एकको मृत्यु

रुपन्देही । रोहिणी गाउँपालिका-३ धकधई चोकमा लु.२ त ४६११ नम्बरको ट्याक्टर अचानक सडकमा पल्टिएर सोमबार दिउँसो दुर्घटना हुँदा ट्याक्टरमा सवार रोहीणी गाउँपालिका-३ बस्ने १२ वर्षीय निखिल घर्तीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका ट्याक्टरमा अन्य ३ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

# चीन भक्षक हो, हामी साथी : अमेरिका

कोलम्बो । अमेरिकी विदेशमन्त्री माइक पोम्पिओले यो क्षेत्रमा चीन एउटा भक्षकको रुपमा सञ्चालित रहेको बताएका छन् ।
चीनसँग पछिल्लो समय राम्रो सम्बन्ध बनाउँदै गएको श्रीलङ्काको राजधानी कोलम्बो पुगेका उनले बुधबार चीनप्रति निकै आक्रामक भाषा प्रयोग गरेका हुन् ।
'गलत सम्झौताहरु, सार्वभौमसत्ताको उल्लङ्घन र भूमि तथा समुन्द्रमा हावी भएको कानुनविहीनताको स्थितिले यो क्षेत्रमा चिनियाँ कम्युनिष्ट पार्टी एउटा भक्षकको रुपमा सञ्चालित रहेको हामी देखिरहेका छौं,' कोलम्बोमा गरिएको पत्रकार सम्मेलनमा पोम्पिओले भने, 'अमेरिका भने फरक ढंगबाट आउँछ, हामी त एक मित्रको रुपमा र एउटा पार्टनरको रुपमा आउँछौं ।'
एसियाका चार देशको भ्रमणमा रहेका पोम्पिओ मंगलबार नयाँ दिल्लीमा भारतसँग एउटा महत्वपूर्ण रक्षा सम्झौता गरेपछि बुधबार कोलम्बो पुगेका हुन् ।
उनले यस क्षेत्रमा चीनको बढ्दो राजनीतिक, आर्थिक तथा सैन्य प्रभावलाई कम गर्ने योजनाका साथ बिभिन्न सम्झौता तथा समझदारीहरु गर्दै हिँडेका छन् ।
चीनसँग सैन्य टकरावमा रहेको भारतमा उनी सबैभन्दा पहिले पुगे। भारत र श्रीलङ्काको स्थिति भने ठीक उल्टो छ । श्रीलङ्काले चाहिँ अहिले बेइजिङसँग निकट रहेर पूर्वाधार विकासमा सहकार्य गर्दै आएको छ । चीनले आफ्नो बेल्ट एन्ड रोड इनिसियटिम (बीआरआई) परियोजनासँग जोडेर श्रीलङ्कामा बन्दरगाह, राजमार्गजस्ता पूर्वाधार निर्माणका लागि अर्बौं डलर लगानी गरेको छ जसलाई अमेरिकाले साना देशलाई आफ्नो ऋणको फन्दामा पार्ने योजनाअनुसार गरिएको दाबी गर्छ । सो अवसरमा श्रीलङ्काका विदेशमन्त्री दिनेश गुणवर्दनेले आफ्नो देशले सबैसँग राम्रो सम्बन्ध र शान्ति चाहने बताए ।

# टु प्लस टु वार्तापछि भारत र अमेरिकाबीच सैन्य सम्झौता

नयाँदिल्ली । चीनसँग चर्को सिमाना तनावका माझ भारत र अमेरिकाले भूउपग्रहमार्फत् प्राप्त हुने सम्वेदनशील डेटा एक अर्कासँग बाँड्ने सैन्य सम्झौता गरेका छन् । त्यस्तो डेटाको सहयोग क्षेप्यास्त्र, ड्रोन तथा अन्य निशानाहरूमा ठीक निशाना लगाउन महत्त्वपूर्ण हुने बताइएको छ । दिल्लीमा भएको '२+२' उच्चस्तरीय भेटवार्तापश्चात् उक्त सम्झौताको घोषणा गरिएको छ । अमेरिकाका विदेशमन्त्री माइक पोम्पेओ र रक्षामन्त्री मार्क एस्परले भारतका विदेशमन्त्री एस जयशङ्कर र रक्षामन्त्री राजनाथ सिंहसँग भेटवार्ता गरेका हुन् ।
बेसिक एक्सचेन्ज एन्ड कोअपरेशन एग्रिमेन्ट अन जियोस्पाचियल कोअपरेशन वा छोटकरीमा बेका सम्झौता अन्तर्गत भारतलाई सैन्य विकल्पहरूमा सघाउन आवश्यक सम्वेदनशील जियोस्पाचियल तथा एअरोनटिकल डेटा अमेरिकाले उपलब्ध गराउनेछ । दुई पक्षले परमाणु ऊर्जा, भू-विज्ञान तथा वैकल्पिक औषद्योपचारसम्बन्धी अन्य सम्झौता पनि गरेका छन् । तर सबभन्दा महत्त्वपूर्ण बेका सम्झौता मानिएको छ ।
यो सम्झौता अन्तर्गत अमेरिकाले भारतलाई प्रदान गरेका सैन्य विमानहरूमा नेभिगेशन तथा एभियोनिक्ससम्बन्धी अत्याधुनिक सुविधा राखिने एकजना भारतीय रक्षा सूत्रले रोयटर्स समाचार संस्थालाई बताए । भारत र अमेरिकाबीचको सैन्य सम्बन्धमा पछिल्लो सम्झौता थप एक कदम मानिएको छ ।

# भारतीय प्रधानमन्त्रीसँग अमेरिकी विदेशमन्त्री र रक्षामन्त्रीको भेट

नयाँदिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भारत भ्रमणमा रहनु भएका अमेरिकी विदेश मन्त्री माइक पोम्पेओ र रक्षा मन्त्री मार्क एस्परले मंगलबार भेटवार्ता गरेका छन् । भारत र अमेरिकाबीच दुबै देशका सेनाबीच सूचना आदानप्रदान सम्बन्धी एक सम्झौतामा हस्ताक्षर भएलगत्तै प्रधानमन्त्री मोदीसँग भेटवार्ता भएको हो ।
भारतीय विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले ट्वीट गर्दै दुबै देशबीच भएको पछिल्लो सम्झौताले भारत र अमेरिकाबीचको सम्बन्धलाई थप प्रगाढ र सुदृढ बनाउने बताएका छन् । उनले सम्झौतालाई अघि बढाउन दुबै देशको उच्च नेतृत्वले देखाएको तत्परता र समर्थनले आगामी दिनमा दुबै देशबीच थप सहकार्यको मार्ग प्रशस्त गरेको पनि बताएका छन् ।

# 'रअ' का प्रमुख परराष्ट्र मन्त्रालयको जानकारीमा नेपाल आए : उपप्रधानमन्त्री पोखरेल

काठमाडौं । उपप्रधानमन्त्री ईश्वर पोखरेलले भारतीय गुप्तचर रअका प्रमुख सामन्तकुमार गोयल नेपाल सरकार, परराष्ट्र मन्त्रालयको जानकारी तथा स्विकृतिमा नेपाल आएको स्पष्ट पारेका छन् । काठमाण्डौंस्थित भारतीय दूतावासले औपचारिक रूपमा त्यसको जानकारी गराउँदै आवश्यक पत्राचार र पहल गरेको पनि उनले स्पष्ट पारेका छन् । सामाजिक सञ्जाल फेशबुकमार्फत उनले लेखेका छन् :
(१) भारतीय गुप्तचर संस्था ('रअ' का प्रमुख सामन्त गोयल भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको विशेष दूतका रूपमा प्रधानमन्त्री केपी ओलीसित भेट तथा संवादका लागि आए र फर्किए ।
(२) नेपाल सरकारको परराष्ट्र मन्त्रालयको जानकारी तथा स्वीकृतिमा उनी नेपाल आएका हुन् । काठमाण्डौंस्थित भारतीय राजदूतावासले औपचारिक रूपमा त्यसको जानकारी गराउँदै आवश्यक पत्राचार र पहल गरेको थियो ।
(३) प्रधानमन्त्री केपी शर्मा ओलीले सामन्त गोयलको टोलीसित केके विषयमा कुरा गर्नुभएको थियो ? बातचितमा प्रम ओलीसित रहनुभएका प्रतिनिधिहरूले जिम्मेवारीपूर्वक सुनेका छन् - टिपोट गरेका छन् । परराष्ट्र मन्त्रालयमा समेत वार्ताको औपचारिक टिपोट सुरक्षित छ ।
(४) वातचितमा प्रम ओलीले विगत केही समयदेखि असहज बन्नपुगेको नेपाल( भारत सम्वन्ध खासगरी सीमा समस्यासित र नयाँ नक्सा प्रकाशनसित गाँसिएका विषयमा केन्द्रित रहेको थियो । त्यहाँ नेपालले राख्दै आएका अडानहरू पुनः जानकारी गराइएको थियो र समाधानका लागि नेपालका तर्फबाट स्पष्ट दृष्टिकोण प्रस्तुत गरिएको थियो । र, वार्ताद्वारा नै तथ्य तथा ऐतिहासिक प्रमाणहरूका आधारमा देखापरेका समस्याहरूको समाधान खोजिनुपर्ने समाधान प्रस्तुत गरिएको थियो । त्यहाँ गोयल ( हरू ) का तर्फबाट नेपालका प्रमको प्रस्तुतिलाई सकारात्मक रूपमा लिदै अविलम्ब वार्ताद्वारा समाधानका लागि अघि बढ्नुपर्ने भनाइ राखिएको थियो । नेपाल - भारतका बीचमा कुनै समस्या छन् भने तिनलाई संवादका माध्यमबाट हल गर्न सकिन्छ भन्ने अकाट्य निष्कर्षमा पुगिएको थियो ।
(५) विगत केही समयदेखि केही असहज बन्न पुगेको नेपाल(भारत सम्बन्धलाई यही अवस्थामा रहन दिनु नहुने मान्यताका साथ गरिएको यो पहल र प्रयत्नलाई एक स्वरमा खासखास खालका मानिसहरूद्वारा किन विरोध भइरहेको छ ? तिनीहरूले किन विरोध गरिरहेका छन् ? यसलाई अघि सारेर प्रम केपी शर्मा ओली र उहाँले नेतृत्व गरेको सरकारको विरोधमा किन खनिदैछन् - ती मानिसहरू ? कारणहरू राम्ररी बुझिएको छैन । अहिले धेरै कुरा किन गर्ने ! उहाँहरूले वास्तविकता नबुझी पूर्वाग्रह राखेर वा विरोधका लागि विरोध गर्नुपर्छ भन्ने अस्वस्थ्य मानसिकता बोकेर यी सबै काम गरिरहनु भएकोछ भन्ने कुरा ठोकेर भन्न सकिन्छ । प्रोटोकललाई खयाल नगरिएको, मर्यादाको पालना नगरिएको, छिमेकी मुलुकको जासूसी संस्थाको योजनामा संचालित हुन खोजेको, वार्ताका विषयहरूलाई रहस्यमा राखिएको, राष्ट्रियता र स्वाधीनतामा आँच पु(याइएको आदि भनेर आरोप लगाउने कोशिस भइरहेको छ । अर्थात्, यी सबै कुरा गरेर कम्युनिस्ट पार्टीको सरकार विरूद्धमा एउटा गलत खालको बहस सिर्जना गर्न खोजिदैछ । दुर्भाग्य ! कम्युनिस्ट पार्टीकै कतिपय नेताहरू समेत यस अभियानमा संलग्न हुन खोजेका देखिदैछन् ।
(६) यतिबेला एउटा कुरा सबैले खयाल गरौं - केपी शर्माओली र उहाँले नेतृत्व गरेको यस सरकारका विरूद्ध ती मानिसहरू अहिले विशेष निर्लज्जतापूर्वक लागेका छन् , जो विगतमा छिमेकीको न्यानो काखमा सुतेर देशका विरूद्ध गतिविधिहरू गरिरहेका थिए ! विगतमा भारतको 'रअ' का हाकिमहरूसित भेट गर्न तँछाड मछाड गर्दै यिनै मान्छेहरू छिमेकी मुलुक पुग्दथे , त्यहाँ खुसामदका बिन्ती - बोली बिसाउँथे । विडम्बना ! अहिले उनीहरू समेत राष्ट्रियताको बोलीमा लोली मिसाउँदै ओलीले नेतृत्व गरेको सरकारका विरूद्ध बृहद गोलबन्दीको नायक बन्ने प्रयत्न गरिरहेका छन् !! याद रहोस् ! राष्ट्रियता, स्वतन्त्रता, सार्वभौमिकता, स्वाभिमानमा आँच पुग्ने कुनै पनि कुरासित सम्झौता हुन सक्तैन ! यिनै कुरालाई शीरमा राखी राष्ट्रको दीर्घकालीन हितमा लाग्ने कुरामा कहीं कतैबाट पनि आँच पुग्न दिइने छैन । विदेशीको काखको न्यानोमा सुत्न पल्केकाहरूको कथित राष्ट्रवादलाई चिनौं, सजग होऔं र सरकारले चालेका सही कदमहरूलाई साथ र समर्थन गरौं !!!

## आर्थिक समाचार

# ग्लोबल आइएमई बैंकद्वारा १६ प्रतिशत लाभांश प्रस्ताव

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले आर्थिक वर्ष २०७६/७७ मा आर्जन गरेको मुनाफाबाट आफ्ना शेयरधनीहरुलाई १६ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ। मिति २०७७/०७/०६ बिहीबार बसेको बैंक संचालक समितिको ३६४औं बैठकले नेपाल राष्ट्र बैंक तथा बैंकको वार्षिक साधारणसभाबाट स्वीकृति पश्चात आर्थिक वर्ष २०७६/०७७ को वितरण योग्य मुनाफाबाट आफ्ना शेयरधनीहरुलाई १४ प्रतिशत बोनश शेयर र २ प्रतिशत नगद लाभांश गरी जम्मा १६ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ। ग्लोबल आइएमई बैंकले आर्थिक वर्ष २०७६/७७ मा ३ अर्ब ८ करोड रुपैयाँ खुद नाफा आर्जन गरेको छ। बोनश शेयर वितरण पश्चात बैंकको चुक्ता पुँजी २१ अर्ब ६३ करोड रुपैयाँ पुग्ने छ। हाल बैंकको २४० अर्ब रुपैयाँ भन्दा बढी निक्षेप र २०६ अर्ब रुपैयाँ भन्दा बढी कर्जा लगानी रहेको छ। बैंकका ७१ जिल्लामा २६१ वटा शाखा, ४५ वटा राजश्व संकलन तथा एक्सटेन्सन काउण्टर, २३७ एटिएम, तथा २२९ शाखा रहित बैंकिङ्ग सेवा सञ्चालनमा रहेका छन्। बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले विभिन्न स्थानमा शाखा, एक्सटेन्सन काउण्टर तथा शाखारहित बैंकिङ्ग सेवा माफर्त आफ्ना ग्राहकहरु माझ सेवा प्रदान गर्दै आएको छ। बैंकले भारत, अष्ट्रेलिया र बेलायतमा प्रतिनिधि कार्यालय खोली कार्य गर्दै आएको छ। त्यस्तै बैंकले अत्याधुनिक प्रविधियुक्त मोवाइल बैंकिंङ्ग सेवा, इन्टरनेट बैंकिंङ्ग सेवाको साथमा अष्ट्रेलिया, मलेसिया, भारत, दक्षिण कोरिया, कतार, युएई, बहराइन, जापान लगायतका मुलुकबाट रेमिट्यान्स सेवा समेत प्रदान गर्दै आएको छ।

# सिजीको उपहार योजना

काठमाडौं। सिजी ब्रान्डले दशैं/तिहार पर्वलाई लक्षित गरी विभिन्न किसिमका उपहार योजना बजारमा ल्याएको छ। ती सबै उपहार योजनाहरु उपभोक्ताहरुले सिजीको वेबसाइटबाट बुकिङ गरी खरिद गरेमा बम्परमा भाग्यशालि ३ जना विजेताहरुलाई सिजीको माइक्रोवेभ ओभन, भ्याकुम क्लिनर र स्पिकर दिने योजना ल्याएको छ। उक्त योजनाअन्तर्गत २० देखि ४३ इन्च सम्मको टिभी किन्दा ३० प्रतिशतसम्मको नगद छुट पाइन्छ। सो भन्दा माथि टिभी किन्दा नगद छुट पाइन्छ। साथै सिजीकै स्पिकर पाइन्छ। त्यसैगरी, साईड बाई साईड र मल्टी डोर रेफ्रिजेरेटर किन्दा पिजन ब्रान्डको मिक्सर र नगद छुट पाउने छन्। डबलडोर रेफ्रिजेरेटरमा सिजीको प्रेसरकुकर र सिंगलडोर रेफ्रिजेरेटरमा आकर्षक नगद छुट पाउने छन्। सिजीले फ्रन्टलोड वासिङ मेसिनमा मिक्सर, टपलोड र सेमिअटोमेटिक वासिङ मेसिनमा सिजीको आइरन छुट पाइन्छ।

# माउन्ट एभरेस्टमा ब्रेकफास्ट अफर

काठमाडौं। नेपालको लोकप्रिय पेमेन्ट गेटवे खल्ती डिजिटल वालेटले दशैंको उपलक्ष्यमा खल्तीको माध्यमबाट हवाइ टिकट खरिद गर्ने ग्राहकलाइ हुने गरी खल्तीको डिजिटल खुसियालीः एभरेस्टमा ब्रेकफास्ट अफर ल्याएको छ। एभरेस्टमा ब्रेकफास्ट अफरमा भाग लिन खल्तीबाट प्लेनको टिकट खरिद गर्दा एक सय रूपैयाँभन्दा बढी भुक्तानी गरे पुग्छ। यसरी भुक्तानी गर्ने मध्ये एक(एक जना गरी दुइ भाग्यशाली बिजेता छानिने छन्। जति बढी पटक भुक्तानी गरिन्छ, त्यति बढी सम्भावना रहने छ। दुइ भाग्यशाली बिजेताले आफु र आफ्नोको लागि सगरमाथामा गइ ब्रेकफास्ट गर्ने अवसर पाउने छन्। त्यस प्याकेजमा लुक्ला जान र आउन दुइ तर्फी प्लेनको टिकट, ट्रेक बारे जानकारी, लुक्ला बाट नाम्चे बजारको ट्रेक, बस्ने व्यवस्था र ब्रेकफास्टको सुविधा उपलब्ध हुने छ। यस अफरको अन्तिम यही मङ्सिर ५ गते राति १२ बजेसम्म टिकट किन्नु पर्नेछ। साथै बिजेताको घोषणा ७ दिनपछि खल्तीको औपचारिक फेसबुक पेजमा लाइभमार्फत हुनेछ। अन्तिममा यो अफर नेपालमा बस्नेहरु जसको उमेर १८ वर्ष र त्योभन्दा माथि भएकाहरुका लागि मात्र मान्य हुनेछ। यसमा सहभागी हुन कुनै प्रकारको शुल्क लाग्ने छैन।

# सर्लाहीमा क्रसर उद्योग पुनःसञ्चालन

सर्लाही । सर्लाहीको जिल्ला प्रशासन कार्यालयले दिएको निर्देशनलाई अटेर गर्दै क्रसर उद्योग पुनःसञ्चालन भएको छ । प्रशासनले जिल्लाभर सञ्चालनमा रहेका सबै क्रसर उद्योगलाई तत्काले बन्द गराउन निर्देशन दिएको थियो ।
राजमार्ग, खोला, नदी, वनजङ्गल, विद्यालय, धार्मिकस्थल र बस्तीको नजिक रहेका नियम विपरीत सञ्चालित क्रसर उद्योगलाई बन्द गराउन निर्देशन दिइएको सर्लाहीका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिए । जिल्लाका धेरै स्थानमा मापदण्ड विपरीत क्रसर उद्योग सञ्चालन हुँदै आएको स्थानीयवासीबाट गुनासो आएको र अनुगमनका क्रममा मापदण्ड विपरीत रहेको पाइएका कारण जिल्लामा रहेका १६ क्रसर उद्योगलाई बन्द गरिएको प्रजिअ पौडेलले बताए ।
घरेलु तथा साना उद्योगमा दर्ता भएका १६ क्रसर उद्योगमध्ये हाल आठ उद्योग सञ्चालित छन । ती उद्योग मापदण्ड नपुगेका र नवीकरण नगरी सञ्चालन गरिएका कारण बन्द गराउनुपरेको जनाइएको छ । वाग्मती, हरिपुर, लालबन्दी, फुलजोर, ईश्वरपुर, बसवरियालगायत स्थानका क्रसर उद्योगले अहिले प्रशासनको अनुरोधलाई बेवास्ता गरी पुनःसञ्चालन गरेका छन् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको मापदण्ड-२०७७ अनुसार बस्ती, मुख्य सडक, राजमार्ग, विद्यालय, स्वास्थ्य संस्था, ठूला नदी, पुल, धार्मिकस्थल, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान र वन क्षेत्रको ५०० मिटरदेखि दुई किलोमिटरभित्र नदीजन्य पदार्थ उत्खनन र संकलन गर्ने गराउने कुनै पनि कार्य गर्न पाइँदैन ।

## मुकेश...

भने प्रहरी प्रधान कार्यालयमा नेपालको नभई नेकपाको झण्डा गाडे फरक पर्दैन । अर्को तर्फ नेकपाका शीर्ष नेताहरु लासमाथि राजनीति गर्ने र सुरक्षा कवच लगाएर प्रहरी तमासे गर्नु त्यसै पनि न्याय मरेसरह हुनु हो ।
जगजाहेरै छ कि पर्सामा सत्तारुढ दलका दुईपक्षबीच झडप भएको थियो । सत्तारुढ दलकै नेता मारिदासमेत जाहेरी नलिएको घटनाले नेपाल प्रहरीप्रति जनमानसमा असन्तुष्टि, आक्रोश र अविश्वास बढाएको छ । जब एउटा सत्तारुढ दलको नेता मारिदा त उसको पीडित परिवारले न्याय पाउँदैन भने अन्य सामानष जनतालाई प्रहरीले न्याय गर्ला भनेर कल्पना कसरी गर्न सकिन्छ?

**नेकपाको आन्दोलन**

चौरसियाको मृत्यु प्रकरणले नेकपा प्रदेश २ आन्दोलनमा जुटेको छ ।
पर्सा प्रहरीले हालसम्म जाहेरी दर्ता नगर्दा वीरगञ्जमा दिनहूँ जाहेरी दर्ताका लागि प्रहरी विरुद्ध आन्दोलन हुदैं आएको छ । छैठौं दिन बित्दा पनि प्रहरीले जाहेरी लिन अस्वीकार गर्दै आएको छ भने आफन्तजनले शव बुझ्न अस्वीकार गरेका छन् । नेकपा प्रदेश २ ले प्रहरीले जाहेरी दर्ता नगरी कानुनी राज्यको खिल्ली उडाएको भन्दै घोर भर्त्सना समेत गरेको छ ।
नेकपा प्रदेश २ बाट प्रतिनिधित्व गर्ने केन्द्रीय समिति सदस्यहरुले बैठक गर्दै प्रहरीको कार्यशैलीको घोर भर्त्सना गर्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । नेकपाका स्थायी समिति सदस्य मातृकाप्रसाद यादवको अगुवाईमा ३७ जना केन्द्रीय कार्यसमिति सदस्यले एक विज्ञप्ति जारी गर्दै पीडित परिवारले दिएको जाहेरी दर्ता नगर्नु अपराधलाई प्रश्रय दिनु रहेको र यसले प्रहरी संगठनको बदनामी भएको संयुक्तरुपमा जारी गरिएको विज्ञप्तिमा जनाइएको छ ।
३७ जना केन्द्रिय सदस्यले संयूक्तरुपमा जारी गरिएको विज्ञप्तिमा पीडित निवेदकको जाहेरी यथाशीघ्र दर्ता गरी हत्यारालाई कारवाही होस्, मृतकलाई सहिद घोषणा गरियोस्, मृतक परिवारलाई राहत, घाइतेहरुको निःशुल्क उपचार र कर्तव्यच्यूत भएका पर्सा जिल्ला प्रहरी प्रमुखलाई उचित कारवाही गर्नका लागि सो जारी विज्ञप्तिमा उल्लेख छ । जिल्ला प्रहरी कार्यालय पर्साबाट जाहेरी दर्ताका लागि अमूक व्यक्तिको नाम राख र अमूक व्यक्तिको नाम हटाउ भनिनु अपराधलाई प्रश्रय दिएको देखिन्छ विज्ञप्तिमा उल्लेख गरिएको छ ।

**प्रधानमन्त्रीलाई ज्ञापनपत्र**

यसैबीच नेकपा विन्दवासनी गाउँपालिका अध्यक्ष विक्रम चौरसियाले प्रजिअ आस्मान तामाङमार्फत प्रधानमन्त्रीलाई पाँचबुदे मागसहितको ज्ञापनपत्र बुझाएका छन् । अध्यक्ष चौरसियाले बुझाएको ज्ञापनपत्रमा चौरसियाको परिवारले दिएको किटानी जाहेरी दर्ता गरी दोषीलाई कारवाही गर्नुपर्ने, चौरसियालाई शहीद घोषणा गरी आश्रित परिवारलाई सरकारले उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने, झडपमा परी घाइते भएकाको निःशुल्क उपचार गर्नुपर्ने र पीडित परिवारले दिएको किटानी जाहेरी दर्ता नगर्ने प्रहरी अधिकारीलाई कारवाहीको माग गरिएको छ । परिवारले दिएको किटानी जाहेरी दर्ता नभएसम्म चौरसियाको शव नबुझ्ने अडानका कारण पाँच दिनदेखि नारायणी अस्पतालमा राखिएको प्रहरीले जनाएको छ ।

## चाडपर्वले...

बैंकको तथ्याङ्कले देखाउँछ । राष्ट्र बैंकको तथ्याङ्क अनुसार औषतमा दशैंताका करिब रु १०/१५ अर्ब रेमिट्यान्स नेपाल भित्रिन्छ । यसमा भारतमा काम गर्न गएका नेपालीले दशैंमा घर फर्किदा लिएर आउने रकम भने जोडिएको छैन । भारतमा हजारौंको सङ्ख्यामा नेपालीहरु कार्यरत रहेकाले पनि यसको हिस्सा नेपालको अर्थतन्त्रमा फराकिलो हुने गर्दछ ।
अर्थविद्हरुका अनुसार दसैं अघिका दुई-तीन हप्ताको अवधिमा वर्षभरीको कूल राष्ट्रिय उपभोगको २० प्रतिशत जति उपभोग हुने देखिन्छ । दशैंदेखि छठ पर्वसम्म बजारमा करिब रु पाँच अर्बको कारोबार हुने गरेकाले पनि यो प्रमुख चाडपर्वको अर्थिक पाटो वास्तवमा नै बृहत रहेको अर्थशास्त्री डा सुरेन्द्र लाभको भनाइ छ । खर्च गर्ने प्रवृत्ति बढ्दै जानुले व्यापारीका लागि यो समय एक किसिमले वर्षभरीलाई पुग्नेगरी नाफा कमाउने समय पनि भएको छ । दशैंअघिको समयमा मात्र अन्य समयको १० महिना बराबर व्यापार हुने गरेको उद्योग वाणिज्य सङ्घ प्रदेश नं २ का अध्यक्ष शिवशंकर साहको भनाइ छ । उनका अनुसार छुट तथा विभिन्न आर्कषक योजनाका कारण पनि यसबेला बजारमा रौनक बढेको हुन्छ ।
यतिखेर प्रदेश नं २ को अस्थायी राजधानी जनकपुरधाममा दशैंको निकै चहलपहल बढेको छ । दसैंको टीका चलिरहेको र दिपावली नजिकिँदै गर्दा बजारमा किनमेल गर्नेको जनकपुरमा भीड लागेको छ । खाद्यान्न, कपडा, कस्मेटिक तथा गरगहना पसलहरुमा मानिसहरुको भीड लागेको छ । चाडपर्वका लागि मानिसहरुले खाद्यान्नदेखि लत्ताकपडासम्म अनिवार्य रूपमा किन्ने गरेका छन् । जनकपुरका मुख्य बजारहरु शिव चोक, राम चोक, मुरली चोक, जानकी चोक लगायतका ठाउँहरुमा किनमेल गर्ने मानिसहरुको बाक्लो उपस्थिति देखिन्छ । गाउँदेखि शहरसम्म धुमधामका साथ मनाइने दशैंमा व्यापारसमेत बढ्ने गर्छ । कुल राष्ट्रिय उपभोगको २० प्रतिशत दशैं अघिको दुई/तीन साता अवधिमा मात्रै हुने अनुमान गरिएको छ । व्यापारीहरूको पनि वर्षभरीको कमाइ हुने समय भनेकै दशैं, तिहार, छठजस्ता महान चाडपर्व नै हो ।









मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : डा.राजेश अहिराज, कार्यकारी सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं